# कृषि अनुदान सम्बन्धि कार्यक्रमहरुको प्रभावकारिता अध्ययन पुस्तिका

(आ.व. २०८१/८२)

गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, गोरखा

गोरखा, नेपाल

२०८२

# दुई शब्द



आर्थिक विकासमा अग्रणी भूमिका रहेको कृषि क्षेत्रको विकासमा सुधार ल्याई कृषिमा व्यवसायिकरण, विविधिकरण तथा आधुनिकीकरण गरी ग्रामिण कृषकहरुको जीवनस्तरमा सुधार ल्याउनु आजको आवश्यकता हो। कृषि क्षेत्रको विकासका लागि स्थानीय आवश्यकता र राष्ट्रिय प्राथमिकताका बिचमा तादम्यता रहने गरि मुलुकको संघीय संगठनात्मक संरचनामा प्रदेश सरकार मातहत रहने गरि कृषि विकासको मुख्य निकायका रुपमा यस कृषि ज्ञान केन्द्र गोरखाको स्थापना आ.व. २०७५/७६ मा भएको थियो। उन्नत तथा आधुनिक कृषि प्रणालीको प्रचारप्रसार गरी परम्परागत कृषिमा आधारित खेती प्रणालीमा सुधार ल्याई निर्वाहमुखि खेती प्रणालीलाई व्यवसायमुखी बनाई कृषकको जीवनस्तर उकास्ने तर्फ विभिन्न कार्यक्रमहरु संचालन गर्नु यस कार्यालयको मूख्य जिम्मेवारी रहेको छ।

कृषि क्षेत्रमा उत्पादनको लागत कम गर्न र प्रतिस्पर्धी क्षमताको बृद्धी गर्नुका साथै आधुनिक प्रविधिको प्रयोगमा जोड दिन कृषकहरुलाई विभिन्न प्रकारका अनुदानमुलक कार्यक्रमहरु संचालन गरिएका छन्। कृषकलाई उपलब्ध गराईएको अनुदान सहि ठाउँमा नगएको वा वास्तविक किसानको पहुँचमा नभएको, अनुदान प्राप्त पश्चात कृषि व्यवसायको निरन्तरता नभएको, अनुदानबाट लगानी अनुसारको उपलब्धि नभएको, अनुदानमुलक कार्यक्रमको दुरुपयोग भएको वा पूर्ण प्रयोग नभएको जस्ता विषयहरु उठ्ने गरेका छन् जसले गर्दा कृषिमा अनुदानमुलक कार्यक्रमको प्रभावकारिता तथा आगामी दिनमा कस्ता कार्यक्रममा अनुदान सहयोग उपलब्ध गराउने र सो को मोडालिटी के हुनुपर्ने जस्ता विषयमा अध्ययन गर्न आवश्यक देखिएकोले यस जिल्लामा विगत वर्षहरुमा संचालन गरेका अनुदान मुलक कार्यक्रमहरुको विवरण एकीकृत गरि स्याम्पल सर्भे, फिल्ड निरीक्षण, समुह केन्द्रित छलफलका आधारमा अध्ययन गरि यो प्रतिवेदन तयार गरिएको हो। यस प्रकारको अध्ययनले विगत वर्षमा संचालित अनुदानमुलक कार्यक्रम निरन्तरता दिने वा नदिने तथा कुन प्रकारले किसानको माग सम्बोधन गर्न सकिन्छ र धेरै भन्दा धेरै किसान माझ पुग्न सकिन्छ भन्ने सोचको लागि पनि यो अध्ययनको नतिजा उपयोगी हुनेछ। यो पुस्तिकामा समेटिएका विवरण कृषकवर्ग, कृषि प्राविधिक लगायत कृषि विकासमा संलग्न सबै पक्षलाई उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

अन्तमा, कृषि अनुदानको प्रभावकारिता सम्बन्धि अध्ययन गरी पुस्तिका तयार गर्न महत्वपूर्ण योगदान पुर्याउनु भएका यस ज्ञान केन्द्रका कृषि अर्थ विज्ञ सुमन भट्टराई लगायत सम्पूर्ण कर्मचारी तथा अध्ययनको क्रममा महत्वपूर्ण सूचना र समय दिनु हुने कृषकहरु प्रति विशेष आभार व्यक्त गर्न चाहान्छौ। कृषिसँग सरोकार राख्ने प्रबुद्ध वर्ग, कृषि समूह, सहकारी, कृषि विषय विशेषज्ञहरुबाट छलफलमा सक्रिय सहभागिता जनाई अध्ययनका लागि महत्वपूर्ण सुझाव तथा सूचना उपलब्ध गराई दिनु भएकोमा हामी हार्दिक आभार प्रकट गर्दछौ। यस अनुदान प्रभावकारिता सम्बन्धी अध्ययन पुस्तिकालाई सरल, स्पष्ट र सर्वसाधारणलाई समेत उपयोगी बनाउन कोशिस गरिएको छ। यस प्रकृतिको कार्य कृषि ज्ञान केन्द्र गोरखाको पहिलो प्रयास भएकाले केही कमी कमजोरी हुन सक्ने भएको हुँदा सम्बन्धित सबैबाट रचनात्मक सुझावको अपेक्षा राखेको छु। धन्यवाद !

**(प्रकाश बस्ताकोटी)**
प्रमुख, अधिकृतस्तर नवौं

# विषय सूची

सारांश.......f

**१.परिचय** .......1

१.१ कृषि अनुदान र यसको आवश्यकता.......1

१.२ कृषि अनुदानको अवस्था.......2

१.३ कृषि अनुदानका समस्या.......2

१.४ विभिन्न लेखहरुको प्रतिवेदनले औंलाएका तथ्यहरु.......3

**२. अध्ययनको उद्देश्य** .......6

**३. अध्ययनका सिमाहरु**.......6

**४. अध्ययन पद्वती**.......8

**५. सूचना संकलन र विश्लेषण**.......9

५.१ सर्वेक्षण .......9

५.२ फिल्ड भ्रमण तथा प्रत्यक्ष अवलोकन.......10

**६. अध्ययनको विश्लेषण तथा व्याख्या**.......11

६.१ जम्मा खर्च .......11

६.२ कुल आम्दानी .......11

६.३ अनुक्रमणिका प्रविधि (Scaling Technique) .......12

**७. विश्लेषण तथा छलफल**.......12

**७.१ खण्ड-क: मोडल फार्म कार्यक्रम**.......12

**७.१.१ बाली विशेष प्रयोजन**.......12

**७.१.२ बाली अनुसार अध्ययनका लागि छनौट गरिएका अनुदानग्राहीको संख्या** .......14

**७.१.३ कृषि अनुदानको माध्यम र ज्ञान तथा सीपको श्रोत** .......14

**७.१.४ कार्यक्रमले क्षेत्रविस्तारमा पारेको प्रभाव**.......15

**७.१.५ कृषि अनुदानको कारणले रोजगारीमा आएको परिवर्तन** .......18

**७.१.६ कृषि अनुदानको कारणले व्यवस्थापकीय पक्षमा आएको परिवर्तन** .......18

**७.१.७ कृषि अनुदान पाए पश्चात सामाजिक जवाफदेहिता र उत्तरदायित्व**.......19

७.१.८ कृषकको धारणाः उन्नत प्रविधिको प्रयोग प्रभावकारिताका आधारमा....20
७.१.९ कृषकको धारणाः अनुदान कार्यक्रमलाई प्रभावाकरी बनाउने उपायहरु....20
७.२ खण्ड-ख: चैते धान प्रवर्द्धन कार्यक्रम....21
७.२.१ चैते धान प्रवर्द्धन कार्यक्रमबाट उपलब्ध भएको सहयोग तथा अनुदान....21
७.२.२ चैते धान खेतीमा यान्त्रिकरण प्रवर्धनको प्रभाव....22
७.२.३ कृषकको धारणाः कृषि अनुदान सम्बन्धी विद्यमान समस्याहरु....23
७.२.४ उन्नत प्रविधिको प्रयोग....23
७.२.५ अनुदानको कार्यक्रमको प्रभावकारिता वृद्धी गर्न चाल्नु पर्ने केही पहलहरु....24
८. निष्कर्ष तथा सुझाव....25
सन्दर्भ सामाग्री....26
अनुसुची-१ मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमको अध्ययन सम्बन्धी प्रश्नावली....28
अनुसुची-२ प्रश्नावली FGD Checklist....30
अनुसुची-३ व्यक्तिगत अन्तरवार्ता लिएका किसानहरूको नामावली....32
अनुसुची-४ तथ्यांक संकलनका केही तस्वीरहरू....37

# तालिकाहरुको विवरण

तालिका १. अध्ययनमा समावेश भएका कार्यक्रमहरुबारे संक्षिप्त जानकारी.......7
तालिका २. पाँच वर्ष निरन्तर सञ्चालन भएको मोडल फार्म कार्यक्रमबारे संक्षिप्त जानकारी.......8
तालिका ३. मोडल फार्म कार्यक्रमको स्थानीय तहगत बाँडफाड.......10
तालिका ४. विभिन्न बाली तथा बस्तुमा सञ्चालन भएका मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमको संख्या.......12
तालिका ५. कृषि अनुदानग्राहीको विवरण.......14
तालिका ६. कृषि अनुदानको कारणले कृषि व्यवसाय विस्तार गर्ने कृषकको संख्या.......15
तालिका ७ कृषि अनुदानको कारणले कृषि व्यवसायको आकारमा आएको परिवर्तन.......17
तालिका ८. कृषि अनुदानको कारणले रोजगारीमा आएको परिवर्तन सम्बन्धी धारणा.......18
तालिका ९. कृषि अनुदानको कारणले फर्म व्यवस्थापनका विभिन्न पक्षमा आएको परिवर्तन.......19
तालिका १०. कृषि अनुदान पाए पश्चात सामाजिक जवाफदेहिता र उत्तरदायित्व.......19
तालिका ११. कृषकको धारणाः उन्नत प्रविधिको प्रयोग प्रभावकारिताका आधारमा.......20
तालिका १२. कृषकको धारणाः अनुदान कार्यक्रमलाई प्रभावाकरी बनाउने उपायहरु.......21
तालिका १३. चैते धान खेति प्रवर्धन कार्यक्रमबाट उपलब्ध भएको अनुदान रकमको विवरण.......21
तालिका १४. चैते धान खेतीमा कृषि यान्त्रिकरणको प्रभाव.......22
तालिका १५. कृषकको धारणाः कृषि अनुदान सम्बन्धी विद्यमान समस्याहरु.......23
तालिका १६. उन्नत प्रविधिको प्रयोग प्रभावकारिताका आधारमा.......23
तालिका १७. Pretesting गरिएका कृषकहरुको नामावली.......32
तालिका १८. व्यक्तिगत  अन्तरवार्ता लिएका व्यवसायिक फर्महरु.......32
तालिका १९. आ.व. २०८०/८१ मा सञ्चालित चैतेधान प्रर्वद्धन कार्यक्रममा लाभान्वित लाभग्राहीहरुको विवरण.......34
तालिका २०. आ.व. २०८१/८२ मा सञ्चालित चैतेधान प्रर्वद्धन कार्यक्रममा लाभान्वित लाभग्राहीहरुको विवरण.......34

# सारांश

कृषि क्षेत्रमा प्रदान गरिएको अनुदानका बारेमा प्रतिक्रिया लिई सोको आधारमा अनुदानको प्रभावकारिता पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। अनुदान सम्बन्धि कृषि कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा सुझावहरु प्रस्तुत गर्नु पनि यस अध्ययनको उद्देश्य रहेको छ। कृषि ज्ञान केन्द्र गोरखाबाट विगतमा आ.व. २०७५/७६ देखि २०७९/८० सम्म सञ्चालन भएको मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रम एवं आ.व. २०८०/८१ र आ.व. २०८१/८२ मा सञ्चालन भएको चैते धान खेति प्रवर्धन कार्यक्रमको प्रभावलाई यस अध्ययनले समेटेको छ। मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमका कुल अनुदानग्राही १५८ जना मध्ये ३२ अनुदानग्राही गोलाप्रथा विधीबाट छनौट गरी व्यक्तिगत अन्तरवार्ता लिई आवश्यक तथ्यांक तथा जानकारी संकलन गरिएको थियो भने चैते धान खेति प्रवर्धन कार्यक्रमका कुल अनुदानग्राही २६ वटा कृषि समुह तथा सहकारी संस्थाहरु मध्ये १० वटा संस्थाबाट समूह केन्द्रित छलफल (Focus Group Discussion) मार्फत तथ्यांक संकलन गरिएको थियो। यसरी प्राप्त प्राथमिक तथ्यांकलाई MS Excel मार्फत विश्लेषण गरी नतिजा निकालिएको छ। प्राप्त नतिजालाई प्रभावकारी बनाउनका लागि सरकारी तथा विभिन्न संघसँस्थाबाट प्रकाशित पुस्तक/प्रतिवेदन द्वितीय सूचनाको श्रोतहरुलाई आधार मानी विश्लेषण गरिएको छ।

मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमबाट अनुदान सहयोग प्राप्त गरेका २८ प्रतिशत अनुदानग्राहीहरुले आफ्नो कृषि व्यवसायलाई थप विस्तार गरेका र २२ प्रतिशतले व्यवसायलाई निरन्तरता दिएको पाईयो। ३१ प्रतिशत अनुदानग्राहीले खेतिको आकार घटाई व्यवसाय सञ्चालन गरिरहेको तथा १९ प्रतिशत अनुदानग्राहीले खेति व्यवसाय नै छोडिसकेको पाईयो। कृषि उत्पादन लागत बढ्नु र उत्पादित कृषि उपजको बजारीकरण सहज नहुँदा अनुदान प्राप्त गरिसकेका कृषकहरुले खेति व्यवसाय घटाएको तथा व्यवसाय छोडेको पाईयो। यसर्थ, कृषि उत्पादन लागत घटाउने विषयमा तथा कृषि उद्यमशिलता सम्बन्धि तालिम उपलब्ध गराई कृषि उपजको विक्रिवितरणमा सहजीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ। केही अनुदानग्राही कृषकहरुले खेति व्यवसाय घटाएको तथा व्यवसाय छोडेको भएता पनि समग्रमा खेति व्यवसायको क्षेत्रफल विस्तारमा यो कार्यक्रमले राम्रो उपलब्धी हाँसिल गरेको देखिन्छ। यस अध्ययनबाट अनुदान प्राप्त गर्नु अघिको वर्षलाई आधार मान्दा अनुदान प्राप्त गर्दाको वर्ष औषतमा लगभग ५ गुणा खेति व्यवसायको आकार बढेको तथ्य प्राप्त भएको छ भने अनुदान प्राप्त गर्दाको वर्षलाई आधार मानी हालको अवस्था (आ.व. २०८१/८२) लाई मूल्याङ्कन गर्दा हाल सञ्चालित कुल खेति व्यवसायको आकार १५.२२% ले घटेको पाईएको छ। यस अध्ययनमा Seasonal रोजगारी वृद्धि भएको भन्ने अनुदानग्राहीहरु ३७.५% रहेका छन् भने अधिकांश अनुदानग्राहीले सिजनल रोजगारी नबढेको प्रतिक्रया दिएको पाईयो। करिव १२.५ प्रतिशत अनुदानग्राहीले बार्षिक रोजगारीमा बृद्धि भएको भन्ने जवाफ दिएका छन् भने अधिकांश अनुदानग्राहीले थप बार्षिक रोजगारी वढाउन नसकेको देखिनुले अधिकांश कृषकहरुले साना तथा मझौला किसिमका खेति व्यवसायमा केन्द्रित रहेको देखिन्छ। मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमबाट उपलब्ध भएको फार्म यान्त्रिकरण सहयोग, उन्नत विउ विजन तथा

कृषि सामाग्रीको पहुँच र खेति गर्ने तैरतरिकामा भएको परिवर्तनका कारण फार्म व्यवस्थापनमा सुधार भएको र यि सुधारहरुका कारण ७८.१३ प्रतिशत अनुदानग्राहीले उत्पादकत्वमा बृद्धि भएको जवाफ दिएको पाईयो। यसैगरी ५६.२५ प्रतिशत अनुदानग्राहीले उत्पादन लागत घटेको तथा ५३.१३ प्रतिशत अनुदानग्राहीबाट नाफामा बृद्धि भएको जानकारी प्राप्त भएको छ।

चैते धान प्रवर्द्धन कार्यक्रमबाट अनुदानग्राही संस्थाहरुलाई उपलब्ध गराईएको कुल अनुदान रकमको ४३.५८ प्रतिशत र ४२.३० प्रतिशत अनुदान रकम क्रमश: यान्त्रिकरण र सिंचाई संरचना निर्माण तथा सुधारमा उपलब्ध भएको देखिन्छ।उपलब्ध गराईएको उनुदान रकम कम भएता पनि उन्नत विउविजन र कृषि उपज प्याकेजिङमा चैते धान खेति गर्ने कृषकहरुलाई भएको सहयोगबाट उत्पादकत्व बृद्धिमा सहयोग पुग्ने देखिन्छ। यस अनुसार कृषि यन्त्र उपकरणको प्रयोग गरी चैते धान खेति गर्दा प्रति रोपनी १५.३३ प्रतिशत लागत कम हुन गएको देखिन्छ। कृषि यन्त्रको प्रयोग गरी खेति गर्दा आम्दानी र लागतको अनुपात १.२७:१ रहेको तथा कृषि यन्त्रको प्रयोग नगर्दा लाभ लागत अनुपात १.०८:१ रहेको पाईनुले चैते धान खेतिबाट मुनाफा लिन कृषि यान्त्रिकरणको महत्व रहेको तथ्यलाई प्रष्ट पारेको छ। चैते धान प्रवर्द्धनका लागि अनुदान प्रक्रियालाई थप सरल र पारदर्शि बनाउँदै साधारण जनताको पहुँचमा अनुदान सम्बन्धी कार्यक्रम पुग्ने गरी थप पहल गर्नुपर्ने र अनुदान सुविधा पनि बढाउनुपर्ने सुझावहरुलाई ध्यान दिन जरुरी देखिन्छ। समयमै गुणस्तरीय मल/बीउको उपलब्धता, समधर भू-भागहरुमा ठूला फार्म यन्त्र उपकरणहरु जस्तै फार्म ट्र्याक्टर, राईस ट्रास्प्लाण्टर र ट्र्याक्टरबाट चल्ने थ्रेसर मेसिनमा पनि अनुदान सहयोग उपलब्ध हुनुपर्ने तथा सिंचाई पुर्वाधारमा पर्याप्त अनुदान सहयोग उपलब्ध हुन सकेमा उल्लेखनिय रुपमा चैते धान खेतिको विस्तार गर्न सकिने देखिन्छ।

# १.परिचय

## १.१ कृषि अनुदान र यसको आवश्यकता

“कृषि अनुदान” भन्नाले सरकार वा अन्य कुनै निकायले कृषकहरुलाई कृषि उत्पादनका लागि दिईने आर्थिक सहयता वा सुविधा हो। नेपालमा पनि संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा गैह्र सरकारी संस्थाबाट स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपंछीजन्य उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यावसायिकरणका लागि कृषकलाई नगद वा मूल्य वा सामाग्री वा सेवा (प्रयोगशाला सेवा र प्रसार सेवा समेत)मा सहुलियत दिने व्यवस्था रहेको छ। सरकारबाट जनता वा व्यवसाय संचालकलाई नगद वा जिन्सी सहयोग मार्फत उसको आम्दानी वृद्धिमा मद्दत पुर्याउने कार्यबाट कृषि उपजको उत्पादन तथा व्यवस्थापन, वस्तुको मुल्य र आपूर्तिमा सहजता प्रदान हुन्छ। समग्रमा अनुदानबाट कृषि पेशामा आकर्षण, उत्पादनमा वृद्धि, रोजगारीमा वृद्धि, आम्दानीमा वृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन मार्फत राष्ट्र विकासमा मद्दत पुग्ने विश्वास गरिन्छ। नेपालमा पनि कृषि क्षेत्रको विकासका लागि प्रशस्त अनुदानको व्यवस्था गरेको पाइन्छ। मुख्यतः निम्न उल्लेखित अवस्थाहरु सबै वा केहि भएपनि समाधान गर्न अनुदानका प्रावधानहरु राखिएको पाइन्छ।

- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन
- गुणस्तरीय कृषि उत्पादन बढाउन
- उन्नत तथा आधुनिक प्रविधिहरुको प्रयोग बढाउन
- कृषिमा आधुनिकीकरण तथा व्यवसायिकतामा वृद्धि गराउन
- कृषक तथा व्यवसायीहरुको प्रतिष्पर्धी क्षमतामा वृद्धि गराउन
- उपलव्ध अवसरहरुका भरपुर उपयोग गर्न
- जोखीम न्यूनिकरण गर्न
- आफ्ना कृषक तथा कृषि व्यवसायीहरुको संरक्षण गर्न
- खाद्यसुरक्षा सुनिश्चितता गराउन
- आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न
- सन्तुलित विकास गर्न

## १.२ कृषि अनुदानको अवस्था

खाद्य अधिकार मानव अधिकारको अभिन्न हिस्सा भएकाले यसको सुनिश्चितता राष्ट्रको पहिलो दायित्व हो। नेपाल जस्तो कृषि प्रधान देशमा जहाँ ५७.३ प्रतिशत जनसंख्या कृषि पेशामा आवद्ध छन् र कृषि क्षेत्रले २४.१ प्रतिशत योगदान राष्ट्रिय उत्पादनमा पुऱ्याइरहेको छ, त्यहाँ कृषि विकासबिना समग्र विकास सम्भव छैन। नेपालले राष्ट्रिय कृषि नीति-२०६१, राष्ट्रिय कृषि विकास रणनीति (२०१५-२०३५) र सोह्रौं योजना मार्फत कृषि व्यवसायलाई व्यवसायिक र दिगो बनाउने प्रयत्न गर्दै आएको छ। यस्ता रणनीतिहरू कार्यान्वयन गर्न सरकारले बीउ, मल, सिंचाइ लगायतका क्षेत्रमा लगानी बढाउँदै विभिन्न सरकारी तथा गैह्र सरकारी स्रोतबाट अनुदान उपलब्ध गराउँदै आएको छ। कृषिमा गरिएको लगानीले मात्र खाद्य अधिकार सुनिश्चित हुने हुँदा कृषि क्षेत्र र कृषकहरूको हित र संरक्षण गर्न सहयोग पुऱ्याउनु सरकारको संवैधानिक तथा नैतिक कर्तव्य हो।

राष्ट्रिय कृषि गणना-२०७८ अनुसार नेपालका कुल घरपरिवारमध्ये ६२% कृषक छन्, जसको सङ्ख्या अघिल्लो गणनाको तुलनामा करिब ७.८% ले बढेको छ। यद्यपि, खेती हुने जमिन भने १२% ले घटेको छ। जम्मा खेतीयोग्य जमिनमध्ये ५४.५% मा सिँचाइ सुविधा पुगेको छ, र तीमध्ये ७२.७% मा वर्षभरि सिँचाइ उपलब्ध छ। वि सं २०६८ को कृषि गणना अनुसार ८३% कृषक परिवारको मुख्य आम्दानी स्रोत कृषि रहेकोमा अहिले यो घटेर ७०.४% मा झरेको छ। कृषक परिवारमध्ये २६% ले कृषि बाहेक अन्य आर्थिक काम पनि गर्छन्। कृषिमा युवा पुस्ताको संलग्नता घट्दो छ, जसका कारण महिलाको सहभागिता बढेको छ। ४१ लाखभन्दा बढी कृषक परिवारमध्ये मात्र ७.५% (३.६५ लाख परिवार) ले मात्र सरकारी कृषि अनुदान प्राप्त गरेका छन्। बाँकी ९३% किसान अनुदान बिहीन छन्। अनुदान नपाउने मुख्य कारणहरूमा जानकारीको अभाव, प्रक्रिया नबुझ्नु वा जटिल हुनु, खेति गर्न चाहनेसँग पर्याप्त जग्गा नहुनु वा लिजमा लिन नसक्नु आदि रहेका छन्। अनुदान पाउनबाट वञ्चित हुनुमा समयमा सूचना नपाउनु, कृषि व्यवसाय दर्ता गर्नुपर्ने जानकारी नहुनु तथा कतिपयले त लिने चाहना नराखेको समेत छ। सरकारले कृषिमा अनुदान उपलब्ध गर्दै जाने तर अनुदानको पहुँच सबै किसानलाई पुग्न नसक्दा कृषि अनुदान व्यवस्थापन सम्बन्धि चासो बढ्दै गएको देखिन्छ।

## १.३ कृषि अनुदानका समस्या

संघीयता पश्चात संघ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहमा कृषिको संरचना रहेता पनि कृषकहरुले प्रत्यक्षरुपमा सेवा प्राप्तिको महसुस नगरेको उल्लेखीय गुनासो रहेको छ। विगतमा उपलब्ध हुँदै आएको एकीकृत सेवा दिन र लिन नसकेको वास्तविकता प्रत्यक्ष महसुस भएको छ। कुनै निश्चित सेवा प्राप्तिका लागि कहाँ जाने भन्ने विषयमा अझैसम्म पनि सेवाग्राहीलाई खास गरी कृषकलाई अस्पष्टता रहेको छ। कृषि क्षेत्रमा कृषकहरुले विगतमा पाउने गरेको सेवा पनि अहिले पाउन मुस्किल रहेको तथा समयमा सेवा नपाउने र समस्याको ठोस समाधान पाउन मुस्किल भएको बताउने गरेका छन्। त्यसको प्रत्यक्ष असर सेवाग्राहीलाई परेको छ। तीनै

तहबाट कृषकका लागि अनुदान र सहुलियतका कार्यक्रम सञ्चालन हुनु राम्रो कुरा हो तर त्यसमा पनि केही त्रुटिहरु रहेका छन्। जस्तो कि व्यवसायिक कृषक र निर्वाहमुखी कृषकका लागि दिइने सेवासुविधा एकै प्रकारको हुनु, कृषकको व्यवसाय अनुसारको अनुदान कार्यक्रमभन्दा पनि अनुदान अनुसारको कृषि व्यवसायको खोजी गरिनु जसले दिगोपनामा असर पुर्याउँछ । विगतमा सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन नगरी कुनै अनुदानका कार्यक्रमहरु हटाउने गरिन्छ र कुनैले त्यसै निरन्तरता पाइरहेका हुन्छन् ।त्यसैगरी तीन तहबाट प्रदान गरिने कार्यक्रमहरुमा खासै भिन्नता देखिएको छैन। खासगरी कार्यक्रमको प्रकृति एकै किसिमको तथा अनुदान वितरणमा उस्तै स्वरुप भएका कारण कार्यक्रम कार्यान्वयन तथा अनुगमनमा समस्या रहेको छ। कृषि सेवा प्रवाहभन्दा पनि कुनै बजारमा सामान बिक्री गरेको जस्तो अवस्था छ, जुन तहको कार्यक्रममा अनुदान प्रतिशत बढी छ त्यही कार्यक्रममा अनुदान लैजानका लागि भिड हुने र जुन तहको कार्यक्रममा अनुदान प्रतिशत कम छ, त्यस्तो अवस्थामा कार्यक्रम कार्यान्वयन नै गर्न नसकिने अवस्था छ। अनुदानका कार्यक्रमले कतिपय किसानलाई खारेको छ भने धेरैजसो यसबारे अनभिज्ञ रहेको अवस्था छ ।

अनुदान प्राप्त गर्ने थोरै सङ्ख्यामा हुने र धेरैले नपाउने भएपछि विवादित पनि हुने गर्छ। अनुदानका विषयका खास गुनासा भनेका प्रतिस्पर्धात्मक विधिबाट अनुदानग्राही छनोट गर्ने कार्यक्रमको हो। तीनै तहका संरचनाबाट सञ्चालन भएका अनुदान कार्यक्रममा हुने दोहरोपन, अनुदानग्राही छनोटमा पारदर्शिता, अनुदानमा उपलब्ध गराइएका वस्तुगत सामग्रीको गुणस्तर, अनुदानग्राहीको व्यवसायको निरन्तरता तथा वास्तविक कृषकको अनुदान कार्यक्रममा आवद्धता आदि विषयमा निकै पेचिलो र सोचनीय गुनासा सुनिन्छन्। तिनै तहका सरकारले सञ्चालन गर्ने कृषि विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा समन्वय र एकरूपता नहुँदा सञ्चालन भएका कार्यक्रमबाट अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकिएका गुनासा पनि छन्। यस्ता अनुदानका कार्यक्रम प्रक्रियामुखी हुने, प्रतिस्पर्धात्मक छनोट प्रक्रिया अनावश्यक लामो, खर्चिलो र झन्झटिलो रहेको तथा अनुदानका कार्यक्रममा वास्तविक कृषक समुदायको ठुलो हिस्साले अपेक्षित लाभ लिन नसकेको र तीन तहको सरकारको समन्वय अभावका कारण कृषि अनुदानका कार्यक्रम अपेक्षाकृत प्रभावकारी हुन नसकिरहेका भन्ने विभिन्न सरोकारवालाको गुनासो रहने गरेको छ।

## १.४ विभिन्न लेखहरुको प्रतिवेदनले औंलाएका तथ्यहरु

### सकारात्मक तथ्यहरु

उत्पादन सामाग्रीमा दिईने अनुदानलाई खाद्य उत्पादनलाई तीव्र पार्ने र कृषि आय उत्पन्न गर्ने माध्यम मानिन्छ।तसर्थ, सरकारी अनुदानलाई प्रविधि हस्तान्तरण र कृषि विकासको लागि, विशेष गरी देशका दुर्गम क्षेत्रहरूको लागि, एक साधनको रूपमा लिइन्छ (Wang et al., 2019)। आगत (input)को लागि अनुदान प्रदान गर्ने कार्यक्रमहरूले बाली उत्पादन र खेतीपाती गर्ने घरपरिवारको आम्दानी दुवैमा लगभग २०% सुधार ल्याउँछ

[Nguyen et al., 2023]। धेरै विकासशील देशका सरकारहरूले भनेझैं, अनुदान कार्यक्रमहरूको लक्ष्य खाद्य उत्पादन बढाउनु हो जसले गर्दा अन्ततः किसानहरूको आय र राष्ट्रिय खाद्य सुरक्षामा सुधार हुन्छ [Ricker and Jayne, 2016]। अनुदान प्राप्त गर्ने घरपरिवारहरूले नपाउनेहरूको तुलनामा तीन गुणा बढी आय अनुभव गरे (Wang et al., 2019)।

कृषि अनुदानले गरिबीबाट ग्रस्त क्षेत्रका किसानहरूको खेती गरेको क्षेत्रफल र कुल आम्दानीमा उल्लेखनीय वृद्धि गर्न सक्छ, जुन किसानहरूको उत्पादन क्षमता साथै आम्दानीमा सुधार गर्न अनुकूल छ [Chengyou et al., 2022]। ऋण, मल र सिँचाइमा अनुदानले किसानहरूलाई नयाँ प्रविधिहरू अपनाउन मद्दत गर्‍यो, विशेष गरी साना किसानहरूलाई [Fan et al., 2007]। कृषिमा प्रविधिहरूले किसानहरूलाई श्रम लागत जस्ता आगत (input) लागत घटाउन मद्दत गर्छन्, जसले नाफा बढाउन सक्छ [OECD, 2001]। ठूलो फार्म आकारले बढी तरकारी उत्पादन गर्छ र बजारमा बढी बेच्न सक्छ जसले राजस्व र नाफा बढाउँछ [Mukaila et al., 2022]।

## सुधारात्मक तथ्यहरु

अनुदान कार्यक्रमहरूको बजेटमा वर्षैपिच्छे वृद्धि भइरहेको भए तापनि नेपालमा अनुदान कार्यक्रमहरूको आर्थिक प्रभावको यथार्थपरक मूल्याङ्कनको बारेमा सधैं चिन्ता रहँदै आएको छ। अधिकांश नेपाली किसानहरूसँग उत्पादन सामाग्रीको लागि कम खरिद शक्ति छ [Bista et al., 2018]। कृषि अनुदान नीतिहरूको सफलता वा असफलता तिनीहरूको मोडालिटी, लक्ष्यीकरण र वितरण संयन्त्रमा निर्भर गर्दछ [Wang et al., 2019; Fan et al., 2007]। उत्पादन सामाग्रीको उच्च मूल्यहरू किसानहरूलाई आफ्नो फार्ममा उत्पादन प्रणाली तीव्र पार्नको लागि प्रमुख बाधा हो [Takeshima et al., 2017]। धेरै विवादहरूको बावजुद, अनुदानहरू विभिन्न रूपहरूमा विकास नीतिहरूको अभिन्न अंग बनेका छन् [Dorward et al., 2011]। नेपालको कृषि नीतिहरूले पनि साना किसानहरूमा कृषि उत्पादन र उत्पादकत्व सुधार गर्न र आय गरिबी घटाउन अनुदानलाई प्राथमिकता दिन्छन् [Paudel and Cargo, 2017]।

राष्ट्रिय समावेशी आयोगको अध्ययन अनुसार किसानहरू अनुदानबाट वञ्चित हुनुको प्रमुख कारण जानकारीको अभाव, दर्ता प्रक्रियाको जटिलता, र चाहनाको कमी हो। यसको फाइदा बिचौलिया, पहुँचवाला र राजनीतिक सरोकारवालाले उठाउने गरेका छन्। सातौं कृषि गणनाले देखाएको छ कि ९३% किसान सरकारी अनुदानबाट बाहिर छन्। अनुदान प्रणाली अपारदर्शी हुँदा वास्तविक किसानको सट्टा प्रक्रिया जान्ने र सम्बन्ध भएका व्यक्तिहरू लाभान्वित भइरहेका छन्। सरकारले बजेट बढाउँदै गए पनि अनुदान सीधै किसानको हातमा नपुग्दा उनीहरूको अवस्था सुधारिएको छैन।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गठन गरेको 'अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन कार्यदलले गएको कात्तिकमा तयार पारेको प्रतिवेदनले कृषि क्षेत्रमा दिइएको सरकारी अनुदान कम प्रभावकारी रहेको निष्कर्ष निकालेको छ। प्रतिवेदनले कार्यान्वयन र व्यवस्थापन पक्षमा भएको कमजोरीका कारण अनुदान

कार्यक्रमहरूबाट प्रतिफल लिन नसकिएको औंल्याएको छ। कृषि उत्पादन बढाउने ठूला परियोजनाहरूको व्यवस्थापनमा समस्या रहेको, कृषिको व्यवसायीकरणको लागि मूल्य शृंखलामा आधारित पूरक अनुदानमा टाठाबाठाको हालीमुहाली रहेको, कर्मचारीसँगको मिलेमतोमा प्रलोभन र दबाबबाट पहुँचवालाले लाभ लिएको, कार्यक्रम तय गर्दा लक्षित किसानको फाइदा भन्दा पनि गाडी, सुविधा हेरिएको जस्ता दुरुपयोगलाई प्रतिवेदनले औंल्याएको छ। कार्यदलको अध्ययन प्रतिवेदनले कृषि यान्त्रीकरणको अनुदान पनि कम प्रभावकारी रहेको औंल्याएको छ। कृषि उपकरणमा पनि लक्षित किसानले भन्दा आयातकर्ता र वितरकले सरकारी अनुदानको बढी लाभ पाएको, अनुदानको मूल्य र वास्तविक परल मूल्यमा खासै भिन्नता नरहेको, आपूर्ति कम भएकाले सेवाग्राहीबीच अस्वस्थ प्रतिस्पर्धा हुँदा आर्थिक अपचलन व्यापक भएको जस्ता समस्या प्रतिवेदनमा उल्लेख छ। सरकारले कृषि उपकरणहरूमा दिएको अनुदानमध्ये ट्याक्टर र पावर टिलर खरीदको अनुदान केही ठाउँहरुमा दुरुपयोग भएको औंल्याएको छ।

अनुदान लिएका कतिपयले भने सदुपयोग पनि गरेका छन्। यस्ता विवरणको खोजी गरेर सरकारले अनुदानको दुरुपयोग गर्नेलाई कारबाही र सदुपयोग गर्नेलाई प्रोत्साहन गर्नुपर्छ।तर समस्या अनुदान दुरुपयोगमा मात्रै सीमित छैन। किनकि, जुन उद्देश्यसहित करोडौं र लाखौं रकम अनुदानमा प्रवाह गरिएको हो, त्यसअनुसारको सकारात्मक नतिजा हासिल भएको वा नभएको बारेमा सरकारले चासो लिन आवश्यक छ। यस्तो पृष्ठभूमिमा उत्पादन वृद्धिदेखि रोजगारी सिर्जनासम्मका विषय त बहसभन्दा बाहिर हुने नै भए। त्यसैले अनुदानसँग जोडेर केही विषयमाथि गम्भीर बहस र समीक्षाको आवश्यकता छ। पहिलो, वास्तविक कृषकले मात्रै अनुदान पाउन सक्ने प्रणाली विकास गर्नुपर्छ। दोस्रो, कस्ता कार्यक्रमका लागि अनुदान दिने र कति दिने भन्नेमा राज्यको पारदर्शी, सार्वजनिक र व्यावहारिक मापदण्ड हुनुपर्छ। तेस्रो, कसले, कस्तो आयोजनाका लागि, कति अनुदान प्राप्त गरेको हो भन्ने विवरण सार्वजनिक पहुँचमा हुनुपर्छ, ताकि अनुदानको विषय सार्वजनिक निगरानी र जवाफदेहिताको दायरामा परोस्। चौथो, अनुदान दिइएको रकमको दुरुपयोग नहुने सुनिश्चित गर्नुपर्छ। पाँचौं, अहिलेसम्मको अनुदान दुरुपयोग गर्नेहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ। छैटौं, राज्यले आफूद्वारा दिइएको अनुदानको सदुपयोग भएको वा नभएको, लक्षित समूहले लाभ पाएको वा नपाएको र सम्बन्धित ढाँचाको आयोजनाका लागि अनुदान दिनु उचित भएको वा नभएको भन्ने विषयमा निरन्तर अनुगमन गर्नुपर्छ र त्यसको निष्कर्षका आधारमा रणनीति तय गर्नुपर्छ।

नेपालमा अनुदान नीतिमा प्रयाप्त स्पष्टता र पारदर्शीता नहुँदा कृषि अनुदान आम कृषकलाई फाईदाको विषय बन्न सकेको छैन। साना, सीमान्त र मध्यम किसान भन्दा जग्गा जमिन प्रयाप्त भएका र लगानी गर्न सक्ने किसान लाभान्वित भएका छन्। किसान छुटयाउने मापदण्ड कार्यान्वयन गर्न नसक्दा वास्तविक किसानहरू अनुदानबाट वञ्चित छन्। संघीय प्रणालीमा तीन तहबाट दिइने अनुदान दोहोरो परेको, पारदर्शिता नहुँदा अपारदर्शी

ढंगले वितरण भएको, र उत्पादनमा खासै सुधार नआएको महालेखा परीक्षकको ६०औं प्रतिवेदनले देखाएको छ। महालेखा परीक्षकको सुझाव अनुसारः

- एकद्वार प्रणालीमार्फत पारदर्शी अभिलेख राख्न,
- अनुदान आवश्यकताको मूल्याङ्कन गरी वितरण गर्न,
- प्रभावकारी अनुगमन गर्न,
- नतिजामा आधारित अनुदान प्रणाली लागू गर्न जरुरी छ।

कृषि अनुदानको विषयलाई व्यवस्थित गर्न सकेको खण्डमा कृषि उत्पादन वृद्धि, रोजगारी, सामाजिक-आर्थिक रूपान्तरण र पुँजी निर्माणमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

# २. अध्ययनको उद्देश्य

कृषि क्षेत्रमा प्रदान गरिएको अनुदानका बारेमा प्रतिक्रिया लिई सोको आधारमा अनुदानको प्रभावकारिता पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य रहेको थियो। यस अध्ययन कार्यका विशिष्ट उद्देश्यहरू निम्न रहेका छन्।

- कृषि अनुदान सम्बन्धि कार्यक्रमको वर्तमान स्थिति विश्लेषण तथा पहिचान गर्ने।
- कृषि अनुदानले उत्पादन तथा उत्पादकत्वमा भएको वृद्धि, उन्नत प्रविधिको प्रवर्द्धन र कृषकको आम्दानीमा पारेको प्रभावको लेखाजोखा गर्ने।
- भविष्यमा अनुदान सम्बन्धि कृषि कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा सुझावहरु प्रस्तुत गर्ने ।

# ३. अध्ययनका सिमाहरु

गण्डकी प्रदेश सरकारले कृषि क्षेत्रका विभिन्न उपक्षेत्रहरु खाद्यान्न बाली, तरकारी बाली, फलफूल खेति, मौरीपालन, आलु खेति, चैते धान खेति आदीको उत्पादन प्रवर्द्धनमा विभिन्न कार्यहरु जस्तैः मिनी टिलर खरिद, सीड ड्रिल, स्प्रेयर खरिद, प्लाष्टिक घर निर्माण, साना सिंचाइ, पम्पसेट, सिचाइ पाइप, संकलन केन्द्र, मल, बीउ तथा कृषि सामाग्री खरिद आदिमा अनुदान उपलब्ध गराउँदै आएको छ। समय सीमा र आर्थिक सीमाको कारण यी सबै वस्तु तथा सेवाको प्रभावकारीता अध्ययन गर्न संभव नभएकोले अहिले मुख्यत दुई कार्यक्रमहरु : कृषि, पशुपंक्षी तथा मत्स्य फार्म (मोडेल फार्म) स्थापना तथा विस्तार कार्यक्रम र चैते धान प्रवर्द्धन आयोजना मात्र यस अध्ययनले समेटेको छ।

## अध्ययनमा समावेश भएका कार्यक्रमहरुबारे संक्षिप्त जानकारी

कृषि, पशुपंक्षी तथा मत्स्य नमुना फार्म (मोडेल फार्म) कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसार "मोडेल फार्म" भन्नाले कम्तीमा ५ रोपनी जमिन भएको उन्नत प्रविधियुक्त कृषि फार्म जसको आम्दानीले कम्तीमा पनि परिवारलाई आत्मनिर्भर बनाउने गरी व्यवसायिक रुपमा कृषि तथा पशुपंक्षिजन्य उत्पादनको लागि स्थापना गरिएको फार्म सम्झनु पर्दछ र सो शब्दले कृषि, पशुपंक्षी तथा मत्स्यसँग सम्बन्धित छुट्टाछुट्टै बाली वस्तु वा दुई वा दुईभन्दा बढि बाली वा वस्तुको एकीकृत रुपमा सञ्चालन गरिएको उत्पादनमुलक फार्मलाई जनाउँदछ। उक्त कार्यविधि अनुसार (मोडेल) फार्म कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ।

१) कृषि तथा पशुपन्छीजन्य वस्तुको व्यवसायिक उत्पादन र गुणस्तरमा वृद्धि गरी कृषक परिवारलाई स्वरोजगार एवं व्यवसायिकरुपमा आत्मनिर्भर बनाउने।

२) कृषि तथा पशुपंक्षी क्षेत्रमा लगानी बढाई व्यवसायिकता र उद्यमशिलताको प्रबर्द्धन गर्ने ।

३) मोडल फार्म सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रचार प्रसार गरि कृषि तथा पशुपंक्षी क्षेत्रमा संलग्न कृषकहरुको क्षमता अभिबद्धि गर्ने।

**तालिका १. अध्ययनमा समावेश भएका कार्यक्रमहरुबारे संक्षिप्त जानकारी**

| क्र.स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संचालन हुने आधार |
|---|---|---|---|
| १ | साना व्यवसायिक कृषि फर्म (मोडेल फार्म) स्थापना तथा विस्तार | कुल लागतको बढीमा ५०% सम्म | फलफूलको बाली- कम्तीमा १० रोपनी<br>तरकारी/पुष्प खेती:<br>- खुला जमिनमा- कम्तीमा १० रोपनी<br>-संरक्षित संरचनाभित्र- २०० वर्ग मी.<br>च्याउ खेती- कम्तीमा १००० वर्गफीटको स्थायी डोम हाउसमा कन्ये/गोब्रे तथा सिताके च्याउको हकमा- ५०० मुढामा<br>अलैंची र चियाबालीः कम्तीमा २० रोपनी<br>कफी/अदुवा/बेसार/अन्य नगदेबालीः कम्तीमा १० रोपनी |
| २ | | १. सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सहयोगको लागि कुल | खाद्यान्न बाली प्रवर्द्धन सम्बन्धि योजना तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८० अनुसार न्यूनतम तराइमा १०० रोपनी र पहाडमा ५० रोपनी |

| क्र.स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संचालन हुने आधार |
|---|---|---|---|
| | चैते धान प्रवर्द्धन आयोजना | लागतको बढिमा ८५ प्रतिशत सम्म अनुदान उपलब्ध हुने<br>२. बीउ, मेसिनरी औजार तथा यन्त्रीकरणमा सहयोगको लागि कुल लागतको बढिमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध हुने | क्षेत्रफलमा १० घरपरिवार लाभान्वित हुने गरी कृषक समूह वा सहकारी मार्फत समुदायस्तरमा संचलान गरिने |

# ४. अध्ययन पद्वती

यस अध्ययन प्रतिवेदन प्राथमिक सूचना संकलन र द्वितीय सूचनाहरु (पूर्व प्रकाशित पुस्तक तथा प्रतिवेदन) को आधारमा मिश्रित प्रकृयाबाट तयार गरिएको छ। मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमको प्रभाव अध्ययनका लागि उक्त कार्यक्रमबाट अनुदान प्राप्त गरिसकेका कृषकहरूको घरधुरी सर्भेक्षण र फिल्ड अवलोकन गरी प्राथमिक तथ्यांक संकलन गरिएको थियो। आ.व. २०७५/७६ देखि २०७९/८० सम्म मोडल फार्म स्थापना तथा विस्तारमा अनुदान प्राप्त गरेका कृषकहरूबाट गोलाप्रथा विधीद्वारा ३२ जना कृषक छनौट गरी व्यक्तिगत अन्तरवार्ता लिइएको थियो। दुई वर्ष निरन्तर रुपमा सञ्चालन भईरहेको चैतेधान प्रर्वद्धन कार्यक्रममा लाभान्वित लाभग्राहीहरुबाट १० वटा Focus Group Discussion मार्फत तथ्यांक संकलन समेत गरिएको थियो। द्वितीय श्रोतहरु जानकारी संकलन गर्नका लागि पूर्व प्रकाशित पुस्तक, नेपाल सरकारको ऐन तथा नीति/नियम, वेवसाइट, सभा तथा गोष्ठीका प्रस्तुतीकरण र अनुसन्धान प्रतिवेदन लाई सन्दर्भ सामाग्रीको रूपमा अवलम्वन गरी यो प्रतिवेदन बढी प्रभावकारी बनाउने प्रयास गरिएको छ।

**तालिका २. पाँच वर्ष निरन्तर सञ्चालन भएको मोडल फार्म कार्यक्रमबारे संक्षिप्त जानकारी**

| क्र.स. | कार्यक्रमको नाम | आ.व. | जम्मा बजेट (रु. हजारमा) | जम्मा खर्च | जम्मा लाभग्राही | खर्च % | नमूना (sample) |
|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न बाली वस्तुहरुको मोडल फार्म स्थापना | २०७५-७६ | ४५०० | ३३३३.१२ | ११ | ७४.०७ | २ |
| २ | साना मोडल फर्म | २०७६-७७ | ६५०० | ६३१७.७६ | २५ | ९७.२० | ६ |

| क्र.स. | कार्यक्रमको नाम | आ.व. | जम्मा बजेट (रु. हजारमा) | जम्मा खर्च | जम्मा लाभग्राही | खर्च % | नमूना (sample) |
|---|---|---|---|---|---|---|---|
| ३ | साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम | २०७७-७८ | १५००० | १२३९३.१२ | ८० | ८२.६२ | १६ |
| ४ | व्यावसायिक च्याउ उत्पादनका लागि मोडल फार्म निर्माण | २०७८-७९ | १००० | ५३१.०५ | ६ | ५३.११ | १ |
| ५ | साना व्यवासायिक फर्म स्थापना कार्यक्रम | २०७९-८० | ८००० | ४५८१.२९ | ३६ | ५७.२७ | ७ |
| | जम्मा | | ३५००० | २७१५६.३४ | १५८ | ७२.८५ | ३२.०० |

कृषि प्रसार कार्यकर्ताको स्थलगत भ्रमण तथा कृषकहरु, कृषि प्राविधिकहरु र बिषय विशेषज्ञहरुसँगको छलफलद्वारा संकलित सूचनाहरुलाई बैधता परिक्षण गरी प्रस्तुत गरिएको छ। अझै पनि अधिकांश कृषकहरुले उचित व्यवसायिक योजना नबनाइकन तथा सानो स्केलमा न्यून उन्नत प्रविधीको प्रयोग गरी कृषि व्यवसाय सञ्चालन गर्दा आशातित फाइदा लिन नसकिरहेको अवस्थामा कसरी यसलाई अधिकतम फाइदा लिन सकिन्छ भनी कृषक स्वयं र अन्य सरोकारवालाहरुसँग पुनः छलफल गरिएको थियो।

# ५. सूचना संकलन र विश्लेषण

## ५.१ सर्वेक्षण

कृषि अनुदान प्रभावकारिता अध्ययनको उद्देश्य अनुरूप कृषक अन्तरवार्ताको लागि प्रश्नावली तयार गरिएको थियो। विषय विशेषज्ञको राय सुझाव अनुसार यो प्रश्नावली परिस्कृत गरिएको थियो। दुइवटा गोष्ठी आयोजना गरी व्यक्तिगत रूपमा यो प्रश्नावली भर्न अनुरोध गरिएको थियो जसमा अध्ययन विज्ञहरुले सहजीकरण गर्नुभएको थियो। यस प्रकृयामा साना मोडल फर्म कार्यक्रम अन्तर्गत जम्मा ३२ जना कृषकलाई तालिका नं ३ अनुसारको संख्यामा सहभागी गराईएको थियो।

**तालिका ३. मोडल फार्म कार्यक्रमको स्थानीय तहगत बाँडफाड**

| क्र. स | आयोजनाको नाम | आ.व. | गो.न.पा | पा. न. पा | सिरानचोक | शहिद लखन | अजिर कोट | आरूघाट | गण्डकी | बारपाक | भिमसेनथापा | धार्चे | चुमनुब्री | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम | २०७५/७६ | ५ | १ | | १ | २ | | १ | १ | | | | ११ |
| २ | | २०७६/७७ | ४ | ४ | ५ | ४ | २ | ० | १ | १ | ४ | ० | ० | २५ |
| ३ | | २०७७/७८ | १७ | ६ | ३ | १३ | २ | ६ | २ | ५ | १६ | १० | | ८० |
| ४ | | २०७८/७९ | २ | १ | १ | | | | २ | | | | | ६ |
| ५ | | २०७९/८० | ९ | २ | २ | ३ | २ | ४ | २ | १ | ५ | ४ | २ | ३६ |
| जम्मा | | | ३७ | १४ | ११ | २१ | ८ | १० | ८ | ८ | २५ | १४ | २ | १५८ |
| Sample | | | ७ | ३ | २ | ५ | २ | २ | २ | १ | ५ | ३ | ० | ३२.० |

## ५.२ फिल्ड भ्रमण तथा प्रत्यक्ष अवलोकन

अनुदानमा वितरण गरिएका कृषि सामाग्रीहरूको अवस्था, यसको उपयोगिता र समस्या बारे बुझ्न अध्ययन टोली किसानहरूकै घर खेतमा गइ कृषकसँग प्रत्यक्ष अन्तरक्रिया गरी कृषि सामाग्रीहरूको प्रभावकारीता र उहाँहरूको अनुभव तथा सल्लाह सुझाव संकलन गरिएको थियो।




अध्ययनका क्षेत्रहरु :

क: नगरपालिका -२

१. गोरखा

२.पालुङ्गटार

ख: गाउपालिका -८

१. धार्चे

२. बारपाक-सुलीकोट

३. अजिरकोट

४. सिरानचोक

५. भिमसेन थापा

६. आरुघाट

७. शहिदलखन

८. गण्डकी

**चित्र १: अध्ययनमा समावेश विभिन्न क्षेत्रहरु**

# ६. अध्ययनको विश्लेषण तथा व्याख्या

घरधुरी सर्वेक्षण तथा समुह लक्षित छलफल विधीबाट संकलित आँकडाहरूलाई कम्प्युटर एप्लिकेसन MS-Excel मा प्रविष्टि गरी विश्लेषण गरिएको थियो जसलाई आवृतिमा, प्रतिशत र वर्णानात्मक प्रस्तुत गरिएको छ।

## ६.१ जम्मा खर्च

उत्पादन लागत भनेको कुनै पनि प्रकारको उत्पादनको लागि आगतमा हुने खर्चको योग हो (Raju and Rao, 2019)। जम्मा खर्चलाई चालु खर्च र स्थिर खर्चको योगफलका रुपमा लिइन्छ। दुबै खर्चलाई नगद र सामग्रीका रुपमा उत्पादन प्रक्रिया रुपामा उत्पादन समावेश भएको श्रम समेतलाई समावेश गरी गणना गरिन्छ ।

## ६.२ कुल आम्दानी

उत्पादित कृषि वस्तुको फर्ममा प्राप्त हुने मूल्यले गुणा गरी आउने योग नै कुल आम्दानी हो ।

कुल आम्दानी : जम्मा उत्पादन (मे. टन.)* प्रति मे. टन. (फर्मको मूल्य)

## ६.३ अनुक्रमणिका प्रविधि (Scaling Technique)

स्केलिङ प्रविधिहरूले कुनै पनि प्रस्तावप्रति उत्तरदाताको दिशा र चरम दृष्टिकोण प्रदान गर्दछ (Miah, 1993)। त्यसकारण, अनुक्रमणिका निर्माण गर्न स्केलिङ प्रविधि प्रयोग गरिएको थियो। किसानको धारणालाई सबैभन्दा गम्भीर, गम्भीर, मध्यम, थोरै र सबैभन्दा कम गम्भीर समावेश गर्ने पाँच बिन्दु स्केलद्वारा प्रस्तुत गर्न सकिन्छ। १, ०.८, ०.६, ०.४ र ०.२ को स्केल मान क्रमशः सबैभन्दा गम्भीर, गम्भीर, मध्यम, थोरै र सबैभन्दा कम गम्भीर समस्याको लागि प्रयोग गरिएको थियो। यो निम्न सूत्र प्रयोग गरेर गणना गरिएको थियो।

गणितीय रूपमा, Iimp = Σ(Sifi/N)

जहाँ, Iimp = महत्वको सूचकांक

Σ = सारांश

Si = स्केल मान

fi = उत्तरदाताहरूको आवृत्ति

N = उत्तरदाताहरूको कुल संख्या

# ७. विश्लेषण तथा छलफल

# ७.१ खण्ड-क: मोडल फार्म कार्यक्रम


### ७.१.१ बाली विशेष प्रयोजन

मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमबाट कृषि सम्बन्धि फर्म तथा कम्पनीको आवश्यकता र चाहना अनुसारको बालीबस्तुमा अनुदान रकम प्रवाह गरिएकाले कुल कुन बाली बस्तुको उत्पादन प्रवर्धनका लागि प्राथमिकता दिईएको थियो भन्ने विषयको जानकारी तालिका नं ४ र चित्र २ मा प्रस्तुत गरिएको छ। तालिकामा प्रस्तुत भए अनुसार विगतमा ५ वर्ष निरन्तर रुपमा लागु भएको मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रम तरकारी मौरी फलफूल अलैंची कफि र च्याउ बालीमा सञ्चालन गरिएकोमा सबैभन्दा बढी ५०.६% तरकारी बालीमा र फलफूल बालीमा २५.३% अनुदानग्राहीले उक्त कार्यक्रम सञ्चालन गरेको देखिन्छ।

**तालिका ४. विभिन्न बाली तथा बस्तुमा सञ्चालन भएका मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमको संख्या**

| क्र.स | आयोजनाको नाम | आ.व. | तरकारी | मौरी | फलफूल | अलैची | कफि | च्याउ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न बाली वस्तुहरुको मोडल फार्म स्थापना | २०७५-७६ | ८ | १ | १ | १ | | | ११ |


| क्र.स | आयोजनाको नाम | आ.व. | तरकारी | मौरी | फलफूल | अलैची | कफि | च्याउ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | साना मोडल फर्म | २०७६-७७ | १३ | ३ | ७ | ० | १ | १ | २५ |
| ३ | साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम | २०७७-७८ | ४४ | ७ | २१ | २ | ० | ६ | ८० |
| ४ | व्यावसायिक च्याउ उत्पादनका लागि मोडल फार्म निर्माण | २०७८-७९ | | | | | | ६ | ६ |
| ५ | साना व्यवासायिक फर्म स्थापना कार्यक्रम | २०७९-८० | १५ | ५ | ११ | २ | ० | ३ | ३६ |
| | जम्मा संख्या | | ८० | १६ | ४० | ५ | १ | १६ | १५८ |
| | प्रतिशत % | | ५०.६ | १०.१ | २५.३ | ३.२ | ०.६ | १०.१ | १००.० |




**चित्र २: मोडल फार्म स्थापना तथा विस्तारमा समावेश भएका कृषि व्यवसायहरु प्रतिशतमा**

### ७.१.२ बाली अनुसार अध्ययनका लागि छनौट गरिएका अनुदानग्राहीको संख्या

यस अध्ययन प्रकृयामा मोडल फार्म कार्यक्रम अन्तर्गत जम्मा ३२ जना अनुदानग्राही सहभागी भएका थिए। चित्र ३ मा प्रस्तुत गरिए बमोजिम ९ बालीमा आधारित रहेर खेती गरिरहेका कृषकहरुलाई अध्ययनमा समावेश गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ।




चित्र ३: बाली अनुसार अध्ययनका लागि छनौट भएका अनुदानग्राहीको संख्या

### ७.१.३ कृषि अनुदानको माध्यम र ज्ञान तथा सीपको श्रोत

मोडल फर्म स्थापना तथा विस्तार कार्यक्रमका अनुदानग्राहीहरुमध्ये ३४.३७% ले कृषि फर्म स्थापना गरी अनुदान सहयोग लिएका थिए भने २८.१३ प्रतिशतले कृषि सहकारी संस्था तथा समुहको माध्यमबाट अनुदान सहयोग लिएका थिए। खेती व्यवसायका लागि आवश्यक पर्ने ज्ञान सिपको श्रोतमा लगभग ६०% ले विगतको खेती अनुभव/सोधपुछलाई मुख्य आधार मानेको पाईयो भने कृषि तालिम लिई खेति व्यवसाय सञ्चालन गर्ने अनुदानग्राहीहरु २१.८८ प्रतिशत रहेको पाईयो। यस सम्बन्धि विस्तृत विवरण तालिका  नं ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५. कृषि अनुदानग्राहीको विवरण**

| क्र.स. | विवरण | परिमाण | प्रतिशत |
|---|---|---|---|
| १ | अनुदानको माध्यम<br>क. सहकारी /समूह<br>ख.फर्म<br>ग. एकभन्दा बढी | <br>९<br>११<br>१२ | <br>२८.१३<br>३४.३७<br>३७.५० |


| क्र.स. | विवरण | परिमाण | प्रतिशत |
|---|---|---|---|
| २ | खेती व्यवसायका लागि आवश्यक ज्ञान सिपको श्रोत | | |
| | क. विगतको खेती अनुभव/सोधपुछ | १९ | ५९.३७ |
| | ख. तालिम लिएको | ७ | २१.८८ |
| | ग. अरुको देखासिकी | ४ | १२.५० |
| | घ. सामाजिक सञ्जाल (Digital media)को प्रयोग | २ | ६.२५ |

## ७.१.४ कार्यक्रमले क्षेत्रविस्तारमा पारेको प्रभाव

मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रम सञ्चालनबाट के कति अनुदानग्राहीबाट हाल खेति व्यवसाय विस्तार भएको छ वा छैन सो सम्बन्धि जानकारी तालिका नं ६ तथा चित्र नं ४ मा प्रस्तुत गरिएको छ। करिव २८ प्रतिशत अनुदानग्राहीले आफ्नो खेति व्यवसाय विस्तार गरेको पाईयो भने करिव २२ प्रतिशत अनुदानग्राहीले क्षेत्र विस्तार नगरिकन सधैं एकनासको क्षेत्रफलमा खेति गर्ने गरेको पाईयो। लगभग ३३ प्रतिशत अनुदानग्राहीले अनुदान प्राप्त वर्षको तुलनामा कम क्षेत्रफलमा कृषि कार्य गरिरहेको पाईएको छ भने १९% अनुदानग्राहीहरुले विविध कारण औंल्याउदै सञ्चालित खेति व्यवसायबाट अन्य पेशामा आबद्व भएको पाईएको छ।


**तालिका ६. कृषि अनुदानको कारणले कृषि व्यवसाय विस्तार गर्ने कृषकको संख्या**

| क.स | तरकारी | मौरी | अलैची | कफि | सिताके च्याउ | केरा | कागती | मेवा | ड्रागन फ्रुट | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल विस्तार भएको | २ | ३ | | | | २ | १ | १ | | ९ |
| क्षेत्रविस्तार नभएको | ३ | ० | | | १ | १ | १ | | १ | ७ |
| क्षेत्रफल घटेको | २ | १ | १ | १ | | ४ | १ | | | १० |
| खेति नगर्ने वा निष्कृय | २ | १ | | | २ | १ | | | | ६ |
| जम्मा | ९ | ५ | १ | १ | ३ | ८ | ३ | १ | १ | ३२ |




**चित्र ४: क्षेत्र विस्तार गर्ने अनुदानग्राहीको संख्या (प्रतिशतमा)**

अनुदान उपलब्ध गराए पश्चात विभिन्न खेति व्यवासय गर्ने अनुदानग्राहीहरुले समग्रमा के कति व्यवासाय विस्तार गरे र हाल खेति व्यवसायको स्केल (रोपनी वा संख्या) को अवस्था सम्बन्धि जानकारी देहायको चित्र नं ५ मा प्रस्तुत गरिएको छ। चित्र नं ५ अनुसार अनुदान प्राप्त भएको बर्ष अनुदानग्राहीले उल्लेख्य रुपमा खेति विस्तार गरेको पाईयो भने हालको अवस्थामा व्यवसायको स्केल थोरै घटेको पाईयो। तालिका ७ ले कृषि अनुदानको कारणले कृषि व्यवसायको आकारमा आएको परिवर्तनलाई प्रस्तुत गरेको छ।यस अध्ययनबाट अनुदान प्राप्त गर्नु अघिको वर्षलाई आधार मान्दा अनुदान प्राप्त गर्दाको वर्ष औषतमा लगभग ५ गुणा खेति व्यवसायको आकार बढेको तथ्य प्राप्त भएको छ भने अनुदान प्राप्त गर्दाको वर्षलाई आधार मानी हालको अवस्था (आ.व. २०८१/८२) लाई मूल्याङ्कन गर्दा हाल सञ्चालित कुल खेति व्यवसायको आकार १५.२२ % ले घटेको पाईएको छ।कृषि उत्पादन लागत बढ्नु र उत्पादित कृषि उपजको बजारीकरण सहज नहुँदा अनुदान प्राप्त गरिसकेका कृषकहरुले खेति व्यवसाय घटाएको तथा व्यवसाय छाडेको पाईयो।यसर्थ, कृषि उत्पादन लागत घटाउने तथा कृषि उद्यमशिलता सम्बन्धि तालिम उपलब्ध गराई कृषि उपजको विक्रिवितरणमा सहजीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ।




**चित्र ५: व्यवसायको क्षेत्रविस्तारमा कृषि अनुदानको असर**

## तालिका ७ कृषि अनुदानको कारणले कृषि व्यवसायको आकारमा आएको परिवर्तन


| क सं | बाली तथा व्यवसाय | अनुदान प्राप्त पश्चात कृषि व्यवसायको आकार (गुणा) | अनुदान प्राप्त वर्षको आधारमा हाल सञ्चालित व्यवसायको आकार अवस्था |
|---|---|---|---|
| १ | तरकारी तथा च्याउ टनेल (संख्या) | ७.७५ गुणा बढेको | ९.६८ % घटेको |
| २ | मौरी घार (संख्या) | ६.२० गुणा बढेको | २० % घटेको |
| ३ | केरा (रोपनी) | ३.६९ गुणा बढेको | १२.५० % घटेको |
| ४ | कागती (रोपनी) | ५.१३ गुणा बढेको | १६.३१ % घटेको |
| ५ | अन्य फलफुल (रोपनी) | ३.६२ गुणा बढेको | २.१३ % घटेको |
| ६ | औषत | ४.९७ गुणा बढेको | १५.२२ % घटेको |

### ७.१.५ कृषि अनुदानको कारणले रोजगारीमा आएको परिवर्तन

कृषि अनुदानको कारणले रोजगारीमा आएको परिवर्तन सम्बन्धी कृषकको धारणालाई तालिका ८ तथा चित्र ६ मा प्रस्तुत गरिएको छ। यस अध्ययनमा Seasonal रोजगारी वृद्धि भएको भन्ने अनुदानग्राहीहरु ३७.५% रहेका छन् भने अधिकांश अनुदानग्राहीले सिजनल रोजगारी नबढेको प्रतिक्रया दिएको पाईयो। करिव १२.५ प्रतिशत अनुदानग्राहीले बार्षिक रोजगारीमा बृद्धि भएको भन्ने जवाफ दिएका छन् भने अधिकांश अनुदानग्राहीले थप बार्षिक रोजगारी वढाउन नसकेको प्रतिक्रिया दिएका छन्।

**तालिका ८. कृषि अनुदानको कारणले रोजगारीमा आएको परिवर्तन सम्बन्धी धारणा**

| अनुदानग्राहीको जवाफ | वार्षिक रोजगारी वृद्धि | Seasonal रोजगारी वृद्धि |
|---|---|---|
| भएको | ४ | १२ |
| नभएको | २६ | १९ |
| घटेको | २ | १ |




**चित्र ६: कृषि अनुदानको कारणले रोजगारीमा आएको परिवर्तन सम्बन्धि कृषकको धारणा**

### ७.१.६ कृषि अनुदानको कारणले व्यवस्थापकीय पक्षमा आएको परिवर्तन

कृषि अनुदान सम्बन्धि कार्यक्रममा संलग्न कृषकहरुको फार्म व्यवस्थापकीय पक्षमा आएको परिवर्तनलाई तालिका नं ९ मा प्रस्तुत गरिएको छ। यस अध्ययनमा सबैभन्दा बढी यान्त्रिकरणमा उल्लेख्य परिवर्तन पाईएको छ जसमा ८१.२५ प्रतिशत अनुदानग्राही कृषकले अनुदानबाट फार्म यान्त्रिकरणमा सहयोग पुगेको प्रतिक्रिया दिएका छन् भने उन्नत वीउ विजन तथा कृषि सामाग्रीको पहुँचमा सुधार भएको भनि करिव ५९.३८ प्रतिशत र खेति गर्ने तरिकामा सुधार आएको भनि ३७.५ प्रतिशत अनुदानग्राहीले प्रतिक्रिया दिएको पाईयो। यसरी फार्म

व्यवस्थापनमा भएको सुधारका कारण ७८.१३ प्रतिशत अनुदानग्राहीले उत्पादकत्वमा बृद्धि भएको जवाफ दिएको पाईयो। यसैगरी ५६.२५ प्रतिशत अनुदानग्राहीले उत्पादन लागत घटेको तथा ५३.१३ प्रतिशत अनुदानग्राहीबाट नाफामा बृद्धि भएको जानकारी प्राप्त भएको छ।

**तालिका ९. कृषि अनुदानको कारणले फर्म व्यवस्थापनका विभिन्न पक्षमा आएको परिवर्तन**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उन्नत प्रविधिमा प्रयोग | | |
| क | खेती गर्ने तरिका | १२ | ३७.५० |
| ख | यान्त्रिकरण | २६ | ८१.२५ |
| ग | कृषि सामाग्री (बीउ,विषादी ) | १९ | ५९.३८ |
| २ | उत्पादकत्वमा वृद्धि भएको | २५ | ७८.१३ |
| ३ | खेतीखर्च कम लागेको | १८ | ५६.२५ |
| ४ | मजदुर समस्याको समाधान | ७ | २१.८८ |
| ५ | जोखिम न्युनीकरण | २२ | ६८.७५ |
| ६ | नाफामा वृद्धि भएको | १७ | ५३.१३ |

## ७.१.७ कृषि अनुदान पाए पश्चात सामाजिक जवाफदेहिता र उत्तरदायित्व

कृषि अनुदान पाए पश्चात कृषकले आफ्नो गाउँटोल तथा समुदायका अन्य कृषकहरुलाई के कस्ता विषयमा जानकारी दिने गरेका छन् भन्ने विषयमा तालिका १० मा प्रस्तुत गरिएको छ। सामाजिक जवाफदेहिता र उत्तरदायित्व सम्बन्धि ५ वटा तथ्यलाई आधार मानी विविध मूल्याङ्कन स्तर (१, ०.८, ०.६, ०.४, ०.२) अनुसार विश्लेषण गरिएको छ र प्रत्येकको समग्र सूचकांक तथा श्रेणी निर्धारण गरिएको छ जसमा "अनुदान लिने तरिका बारे" सर्वोच्च सूचकांक ०.८१३ पाउँदै पहिलो स्थानमा रहेको छ भने "नयाँ जात र वीउ बारे" सबैभन्दा कम सूचकांक ०.३९३ पाउँदै अन्तिम स्थानमा रहेको छ। यसरी यी विषयवस्तुहरू प्राथमिकताका आधारमा क्रमबद्ध गरिएको छ जुन तालिकाको श्रेणी १ देखि ५ सम्ममा स्पष्ट झल्किन्छ। तालिकामा प्रस्तुत गरिए अनुसार अधिकांश अनुदानग्राही कृषकहरुले अन्य कृषकहरुलाई विशेष गरेर अनुदान लिने प्रक्रिया र बाली व्यवस्थापन तरिका बारे ज्ञान सिप उपलब्ध गराउने गरेको पाईयो।

**तालिका १०. कृषि अनुदान पाए पश्चात सामाजिक जवाफदेहिता र उत्तरदायित्व**

| विवरण | १ | ०.८ | ०.६ | ०.४ | ०.२ | Index | Rank |
|---|---|---|---|---|---|---|---|
| अनुदान लिने तरिका बारे | ११ | १२ | ५ | २ | ० | ०.८१३ | १ |
| प्राविधिक सेवा लिने तरिका बारे | ४ | ३ | ४ | ११ | ८ | ०.४९३ | ४ |
| रोगकिरा नियन्त्रण बारे | ५ | ४ | ९ | ९ | ३ | ०.५९३ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नयाँ जात र वीउ बारे | ३ | २ | ३ | ५ | १७ | ०.३९३ | ५ |
| बाली व्यवस्थापन तरिका बारे | ७ | ९ | ९ | ३ | २ | ०.७०७ | २ |

### ७.१.८ कृषकको धारणाः उन्नत प्रविधिको प्रयोग प्रभावकारिताका आधारमा

तालिका ११ मा कृषि अनुदान पाए पश्चात उन्नत प्रविधिको प्रयोग प्रभावकारितामा ५ वटा तथ्यलाई आधार मानी विविध मूल्याङ्कन स्तर (१, ०.८, ०.६, ०.४, ०.२) अनुसार विश्लेषण गरिएको छ र प्रत्येकको समग्र सूचकांक तथा श्रेणी निर्धारण गरिएको छ जसमा "कृषि औजार(स्प्रेयर, फलामे टनेल, मल्चिङ प्लास्टिक,आदी)" सर्वोच्च सूचकांक ०.८०७ पाउँदै पहिलो स्थानमा रहेको छ भने "उन्नत जात/वीउ" सबैभन्दा कम सूचकांक ०.३६० पाउँदै अन्तिम स्थानमा रहेको छ। यसरी यी विषयवस्तुहरू प्राथमिकताका आधारमा क्रमबद्ध गरिएको छ जुन तालिकाको श्रेणी १ देखि ५ सम्ममा स्पष्ट झल्किन्छ।

**तालिका ११. कृषकको धारणाः उन्नत प्रविधिको प्रयोग प्रभावकारिताका आधारमा**

| विवरण | १ | ०.८ | ०.६ | ०.४ | ०.२ | Index | Rank |
|---|---|---|---|---|---|---|---|
| यान्त्रिकरण | ३ | ३ | २ | ९ | १३ | ०.४२७ | ४ |
| उन्नत जात/वीउ | ० | १ | ६ | ९ | १४ | ०.३६० | ५ |
| सिंचाई वा अन्य पुर्वाधार निर्माण | १५ | ७ | २ | ३ | ३ | ०.७८७ | २ |
| कृषि औजार(स्प्रेयर, फलामे टनेल, मल्चिङ प्लास्टिक,आदी) | १२ | ११ | ३ | ४ | ० | ०.८०७ | १ |
| बाली व्यवस्थापन (रोग किरा तथा बगान व्यवस्थापन ) | ० | ८ | १७ | ५ | ० | ०.६२० | ३ |

### ७.१.९ कृषकको धारणाः अनुदान कार्यक्रमलाई प्रभावाकरी बनाउने उपायहरु

तालिका १२ मा अनुदान कार्यक्रमलाई प्रभावाकरी बनाउने उपायहरुलाई ५ वटा शिर्षकमा वर्गिकरण गरी विविध मूल्याङ्कन स्तर (१, ०.८, ०.६, ०.४, ०.२) अनुसार विश्लेषण गरिएको छ र प्रत्येकको समग्र सूचकांक तथा श्रेणी निर्धारण गरिएको छ जसमा "प्राविधिक सेवा प्रभावकारी हुनुपर्दछ" सर्वोच्च सूचकांक ०.८२० पाउँदै पहिलो स्थानमा रहेको छ भने "अनुदान रकम बढाउनुपर्ने" सबैभन्दा कम सूचकांक ०.३३३ पाउँदै अन्तिम स्थानमा रहेको छ। यसरी यी विषयवस्तुहरू प्राथमिकताका आधारमा क्रमबद्ध गरिएको छ जुन तालिकाको श्रेणी १ देखि ५ सम्ममा स्पष्ट झल्किन्छ।

**तालिका १२. कृषकको धारणाः अनुदान कार्यक्रमलाई प्रभावाकरी बनाउने उपायहरु**

| विवरण | १ | ०.८ | ०.६ | ०.४ | ०.२ | Index | Rank |
|---|---|---|---|---|---|---|---|
| अनुदानको दायरा बढाउनुपर्ने | ३ | ७ | ५ | १० | ५ | ०.५५३ | ४ |
| अनुदान रकम बढाउनुपर्ने | ० | १ | ४ | ९ | १६ | ०.३३३ | ५ |
| अनुदान प्रक्रिया सहज बनाउनुपर्छ | ६ | ९ | ८ | ४ | ३ | ०.६७३ | २ |
| सुनिश्चित बजारीकरणमा सहयोग गर्नुपर्छ | ६ | ७ | ७ | ४ | ६ | ०.६२० | ३ |
| प्राविधिक सेवा प्रभावकारी हुनुपर्दछ | १५ | ६ | ६ | ३ | ० | ०.८२० | १ |

# ७.२ खण्ड-ख: चैते धान प्रवर्द्धन कार्यक्रम

## ७.२.१ चैते धान प्रवर्द्धन कार्यक्रमबाट उपलब्ध भएको सहयोग तथा अनुदान

कृषि ज्ञान केन्द्र गोरखाबाट आ.व. २०८०/८१ र २०८१/८२ मा सञ्चालित चैते धान प्रवर्द्धन कार्यक्रमबाट अनुदानग्राहीलाई के कस्ता शिर्षकमा कति अनुदान सहयोग उपलब्ध गराईएको थियो सो सम्बन्धि जानकारी तालिका नं १३ मा प्रस्तुत गरिएको छ। कृषकहरुको माग र आवश्यकता अनुसार अनुदान रकम प्रवाह गरिएको थियो। कुल रकममध्ये आ.व. २०८०/८१ मा यान्त्रिकरण पहिलो प्राथमिकतामा रहेको पाईएको छ भने आ.व. २०८१/८२ मा सिँचाई पहिलो प्राथमिकतामा रहेको पाईएको छ। अनुदानग्राही संस्थाहरुलाई उपलब्ध गराईएको कुल अनुदान रकमको ४३.५८ प्रतिशत र ४२.३० प्रतिशत अनुदान रकम क्रमश: यान्त्रिकरण र सिंचाई संरचना निर्माण तथा सुधारमा उपयोग भएको देखिन्छ।

**तालिका १३. चैते धान खेति प्रवर्धन कार्यक्रमबाट उपलब्ध भएको अनुदान रकमको विवरण**


| विवरण | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | | दुई आ.व. को जम्मा | |
|---|---|---|---|---|---|---|
| | अनुदान रकम (रु. लाखमा) | प्रतिशत | अनुदान रकम (रु. लाखमा) | प्रतिशत | अनुदान रकम (रु. लाखमा) | प्रतिशत |
| यान्त्रीकरण तर्फ | ५१.८७ | ५०.८६ | १७.५१ | ३०.६४ | ६९.३८ | ४३.५८ |
| सिंचाइ तर्फ | ४२.२० | ४१.३७ | २५.१४ | ४४ | ६७.३४ | ४२.३० |
| प्याकेजिङ सहयोग (त्रीपाल,बोरा, डिजिटल तराजु ) | ३.२० | ३.१४ | ६.४२ | ११.२४ | ९.६२ | ६.०४ |
| बीउ तथा विषादी तर्फ | ४.८० | ४.७१ | ८.०७ | १४.१२ | १२.८७ | ८.०८ |
| जम्मा | १०२.०७ | १०० | ५७.१५ | १०० | १५९.२२ | १०० |

### ७.२.२ चैते धान खेतीमा यान्त्रिकरण प्रवर्धनको प्रभाव

चैते धान खेतिमा यान्त्रिकरणका लागि उपलब्ध गराईएको अनुदान सहयोगबाट उत्पादन खर्च र आम्दानीमा पारेको प्रभावलाई तालिका नं १४ र चित्र ७ मा प्रस्तुत गरिएको छ। चैते धान खेतीमा मेसिन प्रयोगको प्रभावलाई प्रति रोपनी जग्गामा मूल्यांकन गरिएको छ। यस अध्ययनमा मेशिनको मूल्याङ्कन गर्ने क्रममा विशेषत हाते टयाक्टर तथा थेस्नरलाई आधार मानी यस तालिकामा प्रस्तुत गरिएको छ। कृषि यन्त्रको प्रयोग गरी खेति गर्दा प्रति रोपनी खर्च रु. १०९२६.५० रहेको तथा कृषि यन्त्रको प्रयोग नगर्दा प्रति रोपनी उत्पादन खर्च रु. ११३७६.५० रहेको पाईएको छ । यस अनुसार कृषि यन्त्र उपकरणको प्रयोग गरी चैते धान खेति गर्दा प्रति रोपनी १५.३३ प्रतिशत लागत कम हुन गएको देखिन्छ। कृषि यन्त्रको प्रयोग गरी खेति गर्दा लाभ लागत अनुपात १.२७:१ रहेको तथा कृषि यन्त्रको प्रयोग नगर्दा लाभ लागत अनुपात १.०८:१ रहेको पाईनुले चैते धान खेतिबाट मुनाफा लिन कृषि यान्त्रिकरणको महत्व रहेको तथ्यलाई प्रष्ट पारेको छ।

**तालिका १४. चैते धान खेतीमा कृषि यान्त्रिकरणको प्रभाव**

| बिवरण | कृषि यन्त्र प्रयोग गर्दा | कृषि यन्त्र प्रयोग नगर्दा |
|---|---|---|
| जम्मा उत्पादन खर्च (प्रति रोपनी) | १०९२६.५० | ११३७६.५० |
| जम्मा आय (प्रति रोपनी) | १३८६०.०० | १२६००.०० |
| खुद नाफा (प्रति रोपनी) | २९३३.५० | ९२५.५० |
| लाभ लागत (प्रति रोपनी) | १.२७ | १.०८ |
| लागत प्रति के.जी. | ४३.३६ | ५१.२१ |
| आम्दानी प्रति के.जी. | ५५.०० | ५५.२६ |




**चित्र ७: चैते धान खेतीमा कृषि यान्त्रिकरणको प्रभाव**

### ७.२.३ कृषकको धारणाः कृषि अनुदान सम्बन्धी विद्यमान समस्याहरु

तालिका १५ मा कृषि अनुदान सम्बन्धी विद्यमान समस्याहरुलाई ५ मुख्य शिर्षकमा वर्गिकरण गरी विविध मूल्याङ्कन स्तर (१, ०.८, ०.६, ०.४, ०.२) अनुसार विश्लेषण गरिएको छ र प्रत्येकको समग्र सूचकांक तथा श्रेणी निर्धारण गरिएको छ जसमा "टाठा बाठाको वर्चस्व हुनु" सर्वोच्च सूचकांक ०.७२० पाउँदै पहिलो स्थानमा रहेको छ भने "अनुदान प्रक्रिया निकै झन्झटिलो हुनु" सबैभन्दा कम सूचकांक ०.४२० पाउँदै अन्तिम स्थानमा रहेको छ। यसरी यी विषयवस्तुहरू प्राथमिकताका आधारमा क्रमबद्ध गरिएको छ जुन तालिकाको श्रेणी १ देखि ५ सम्ममा स्पष्ट झल्किन्छ। अनुदान प्रक्रियालाई थप सरल र पारदर्शि बनाउँदै साधारण जनताको पहुँचमा कृषि अनुदान सम्बन्धी कार्यक्रम पुग्ने गरी पहल गर्नुपर्ने र अनुदान सुविधा बढाउनुपर्ने सुझावहरुलाई ध्यान दिन जरुरी देखिन्छ।

**तालिका १५. कृषकको धारणाः कृषि अनुदान सम्बन्धी विद्यमान समस्याहरु**

| विवरण | १ | ०.८ | ०.६ | ०.४ | ०.२ | Index | Rank |
|---|---|---|---|---|---|---|---|
| अनुदान प्रदान हुदैंछ भन्ने सूचना नपाउनु | १ | २ | २ | २ | ३ | ०.५२० | ४ |
| अनुदान दिने निकाय धेरै टाढा हुनु | २ | ३ | ३ | १ | १ | ०.६८० | २ |
| अनुदान प्रक्रिया निकै झन्झटिलो हुनु | १ | १ | १ | २ | ५ | ०.४२० | ५ |
| टाठा बाठाको वर्चस्व हुनु | ४ | २ | १ | २ | १ | ०.७२० | १ |
| अनुदान सुविधाहरु निकै कम हुनु | २ | २ | ३ | ३ | ० | ०.६६० | ३ |

### ७.२.४ उन्नत प्रविधिको प्रयोग

तालिका १६ मा चैते धान खेतीमा उन्नत प्रविधिको प्रयोग प्रभावकारितालाई ५ मुख्य शिर्षकमा वर्गिकरण गरी विविध मूल्याङ्कन स्तर (१, ०.८, ०.६, ०.४, ०.२) अनुसार विश्लेषण गरिएको छ र प्रत्येकको समग्र सूचकांक तथा श्रेणी निर्धारण गरिएको छ जसमा "यान्त्रिकरण (हाते टयाक्टर, मिल)" सर्वोच्च सूचकांक ०.९०० पाउँदै पहिलो स्थानमा रहेको छ। सिंचाई तथा अन्य पुर्वाधार निर्माण र उन्नत जातको विउलाई कृषकले क्रमश दोस्रो र तेस्रो स्थानमा महत्व दिएको पाईयो। भने "बाली व्यवस्थापन (रोग किरा तथा अन्य व्यवस्थापन)" सबैभन्दा कम सूचकांक ०.३६० पाउँदै अन्तिम स्थानमा रहेको छ। यसरी यी विषयवस्तुहरू प्राथमिकताका आधारमा क्रमबद्ध गरिएको छ जुन तालिकाको श्रेणी १ देखि ५ सम्ममा स्पष्ट झल्किन्छ।

**तालिका १६. उन्नत प्रविधिको प्रयोग प्रभावकारिताका आधारमा**

| विवरण | १ | ०.८ | ०.६ | ०.४ | ०.२ | Index | Rank |
|---|---|---|---|---|---|---|---|
| यान्त्रिकरण (हाते टयाक्टर, मिल ) | ६ | ३ | १ | ० | ० | ०.९०० | १ |
| उन्नत जात/वीउ | ० | २ | ३ | ३ | २ | ०.५०० | ३ |
| सिंचाई वा अन्य पुर्वाधार निर्माण | ४ | ४ | २ | ० | ० | ०.८४० | २ |
| कृषि औजार(स्प्रेयर, तराजु, त्रिपाल, बोरा, आदी) | ० | १ | १ | ५ | ३ | ०.४०० | ४ |

| विवरण | १ | ०.८ | ०.६ | ०.४ | ०.२ | Index | Rank |
|---|---|---|---|---|---|---|---|
| बाली व्यवस्थापन (रोग किरा तथा अन्य व्यवस्थापन) | ० | ० | ३ | २ | ५ | ०.३६० | ५ |

### ७.२.५ अनुदानको कार्यक्रमको प्रभावकारिता वृद्धी गर्न चाल्नु पर्ने केही पहलहरु

चैते धान खेतिको प्रभावकारिता अध्ययनका लागि सञ्चालन भएको Focus Group Discussion मा उपस्थित कृषकहरूलाई कृषि अनुदान प्रभावकारी बनाउन के कस्ता सुझाव छ भनी छलफल गरिएको थियो। उपलब्ध सल्लाह/सुझावहरु ४ समूहमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ।

**क) कृषि उत्पादन सामाग्री :**

माटोको गुणस्तर नियमित जाँच गरी चुनको वितरण तथा प्रयोगमा जोड दिने, सिंचाइ सुविधा उपलब्ध गराउनु पर्ने, गुणस्तरीय मल/बीउ समयमा उपलब्ध गराउनु पर्ने, किसानले कुन ठाउँमा कति उत्पादन गर्ने सो अनुगमन गरी अनुदान दिने, रासायनिक मल भन्दा जैविक मलमा जोड दिनु पर्ने, कृषि औजारहरू गुणस्तरहीन हुनाले कृषक मारमा परेकाछन् यस्ता सस्ता सामाग्री बजारमा आउन सरकारले नियमन तथा नियन्त्रण सम्बन्धि कार्य गर्न सुझाव उपलब्ध भएको छ।

**ख) कृषि यान्त्रिकरण :**

कृषि यन्त्र दिएपछि तालिमको व्यवस्था गर्नुपर्ने, किसानले सामान खरीद गर्दा सरकारी प्रकृया पुर्याउन गाह्रो छ, भौगोलिक अवस्था अनुसार कृषि यन्त्रहरू दिदा साना ठुला सबै दिनुपर्छ, मर्मतको लागि ५० प्रतिशत अनुदान दिदा प्रभावकारी हुन्छ, यान्त्रिकरणमा अनुदान ७५ प्रतिशतशम्म बढाउनु पर्छ, अनुदानमा उपलब्ध गराईएको मिनी टिलरबाट कृषकले आफ्नो खेतबारीमात्र जोत्ने गरेको छ अन्य कृषक सदस्यले उपयोग गर्न नपाएको अवस्थालाई सुधार गर्न आवश्यक रहेको सुझाव प्राप्त भएको छ।

**ग) सूचना प्रविधि, प्रचार तथा प्राविधिक ज्ञान :**

धेरै किसान मोबाइल चलाउन जान्दैनन् त्यसैले समूह/सहकारीमा आबद्ध भएकाहरुसँग अध्यक्ष मार्फत सूचना प्रवाह गर्ने, मोबाइल एप्स कसरी चलाउने भनेर अभिमुखीकरण तालिम दिनुपर्छ, विभिन्न निकायबाट प्रदान गरिने अनुदानको सूचना प्रवाह वडा स्तरमा भए/नभएको एकिन गर्ने, एक वडामा एक प्राविधिक राख्न पर्ने, सम्पन्न कार्यक्रमहरुको अनुगमनमा वडाका जनप्रतिनिधिहरुको सक्रिय सहभागिता गराउने ।

**घ) कृषि व्यवसायिकरण तथा बजारीकरण :**

आकस्मिक क्षति बेहोर्नु पर्ने अवस्थामा सो बमोजिमको सेवा टेवामा जोड दिने, बजारको ग्यारेण्टी हुनुपर्ने, लोगो सहितको प्याकेजिङ, सहज ढुवानीको व्यवस्था, मूल्य निर्धारण गर्नु पर्ने, आर्थिक अवस्था कम्जोर भएका किसानलाई मूल्यांकन गरी बढी अनुदान दिनुपर्छ।

# ८. निष्कर्ष तथा सुझाव

मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमका केही अनुदानग्राही कृषकहरुले खेति व्यवसाय घटाएको तथा केहीले व्यवसाय छोडेको भएता पनि समग्रमा कृषि व्यवसायको क्षेत्रफल विस्तारमा मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमले राम्रो उपलब्धी हाँसिल गरेको देखिन्छ। कृषि उत्पादन लागत बढ्नु र उत्पादित कृषि उपजको बजारीकरण सहज नहुँदा अनुदान प्राप्त गरिसकेका केही कृषकहरुले खेति व्यवसाय घटाएको तथा व्यवसाय छोडेको पाईयो। यसर्थ कृषि उत्पादन लागत घटाउने विषयमा तथा कृषि उद्यमशिलता सम्बन्धि तालिम उपलब्ध गराई कृषि उपजको विक्रिवितरणमा सहजीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ। चैते धान प्रवर्द्धन कार्यक्रमबाट अनुदानग्राही संस्थाहरु मार्फत कृषकहरुलाई उपलब्ध गराईएको यान्त्रिकरण सहयोग, सिंचाई संरचना निर्माण तथा सुधार र उन्नत विउविजन गरिएको सहयोगबाट चैते धान बालीको उत्पादकत्व बृद्धिमा सहयोग पुग्ने देखिन्छ। कृषि यन्त्र उपकरणको प्रयोग गरी चैते धान खेति गर्दा प्रति रोपनी उत्पादन लागत कम हुन गई मुनाफामा समेत बृद्धि भएको देखिन्छ। समयमै गुणस्तरीय मल/बीउको उपलब्धता, ठूला फार्म यन्त्र उपकरणहरु जस्तै फार्म ट्र्याक्टर राईस ट्रास्प्लाण्टर र ट्र्याक्टरबाट चल्ने थ्रेसर मेसिनमा पनि अनुदान सहयोग उपलब्ध हुनुपर्ने तथा सिंचाई पुर्वाधारमा पर्याप्त अनुदान सहयोग उपलब्ध हुन सकेमा उल्लेखनिय रुपमा चैते धान खेतिको विस्तार गर्न सकिने देखिन्छ।

कृषि विकास सम्बन्धि कार्यक्रमहरुले सबै कृषकहरुलाई सम्बोधन गर्न कठिन हुने भएता पनि कम्तिमा व्यवसायिक कृषिमा आवद्ध कृषकलाई आवश्यक परेको बेलामा जुनसुकै अवस्थामा पनि प्राविधिक सेवा उपलब्ध हुने कुराको सुनिश्चित गराउन सक्नुपर्दछ। खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० ले निर्दिष्ट गरे अनुसार कृषक वर्गिकरणका आधारमा सरोकारवालाको माग, आवश्यकता र औचित्यको आधारमा अनुदानको व्यवस्थापन गर्नु आजको आवश्यकता हो। यसका लागि सर्वप्रथम कृषक बर्गिकरण गरि कृषक परिचयपत्र उपलब्ध गराउने कार्य सम्पन्न गर्नुपर्दछ। निर्वाहमुखि तथा साना कृषकहरुलाई स्थानीय तहले र व्यवसायिक तथा ठूला कृषकहरुलाई प्रदेश सरकारले कृषि प्रसार सेवा उपलब्ध गराउने चाँजोपाँजो मिलाउन सकेमा सेवाको पहुँच विस्तारमा सहयोग पुग्ने देखिन्छ। व्यवसायिक कृषि उत्पादनका क्षेत्रबाट उत्पादन हुने कृषि उपजको संकलन तथा बजारीकरण गर्ने प्रयोजनका लागि कृषि सहकारी संस्थाको उपयोगितालाई विस्तार गरी प्रभावकारी रुपमा परिचालनको योजना बनाउनुपर्दछ। अलि दुर्गम र सानो सानो उत्पादन ईकाई भएका क्षेत्रहरुमा कृषि समुह मार्फत कृषि सेवा उपलब्ध गराउन उपयुक्त हुने र अलि ठूला व्यवसायिक कृषि फर्महरुको लागि प्रत्यक्ष फार्म निरीक्षणको आधारमा प्राविधिक सेवा उपलब्ध गराउन सकेको खण्डमा कृषि व्यवसायको विस्तार र दिगोपनामा सहयोग पुग्ने देखिन्छ। मोवाईल फोन, मोबाईल एप्स, वेभसाईट र सामाजिक सञ्जाल जस्ता सूचना प्रविधीहरुको उपयोग गरी कृषि सम्बन्धि सूचना तथा प्राविधिक जानकारीहरु कृषकहरुलाई उपलब्ध गराउने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउन आवश्यक देखिन्छ।

# सन्दर्भ सामाग्री


खाद्य अधिकार तथा खाद्य सम्प्रभतु सम्बन्धी नियमावली २०८०

कृषि जनगणना, २०७८

गण्डकी प्रदेशमा कृषि क्षेत्रमा अनुदानको प्रवाहको प्रभावकारिता अध्ययन, गण्डकी विश्वविद्यालय ,पोखरा, कास्की, नेपाल-२०८१

कृषि क्षेत्रमा प्रदान गरिएका कृषि उत्पादन सामाग्री अनुदान प्रभावकारीता अध्ययन, कृषि तथा पशु विकास महाशाखा, पोखरा महानगरपालिका, कास्की- २०७९

कृषि अनुदानमा भएको नीतिगत व्यवस्थामा सुधार गर्न गरिएको अध्ययनको अन्तिम प्रतिवेदन, राष्ट्रिय किसान आयोग, कीर्तिपुर, काठमाडौं- २०७९

महालेखा परीक्षकको ६०औं प्रतिवेदन

Annual program and budget 2075/76, AKC, Gorkha

Annual program and budget 2076/77, AKC, Gorkha

Annual program and budget 2077/78, AKC, Gorkha

Annual program and budget 2078/79, AKC, Gorkha

Annual program and budget 2079/80, AKC, Gorkha

Bista DR, Dhungel S, Adhikari S. Status of fertilizer and seed subsidy in Nepal: Review and recommendation. Journal of Agriculture and Environment. 2018; 17:1-10. DOI: 10.3126/aej.v17i0.19854

Chengyou, L, Zhouhao S, Xiaoqin S, et al. The effectiveness assessment of agricultural subsidy policies on food security: Evidences from China's poverty-stricken villages. International Journal of Environmental Resources and Public Health. 2022; 19 (21):13797. DOI: https://doi.org/10.3390/ijerph192113797

Dorward A, Chirwa E. The Malawi agricultural input subsidy programme:2005/06 to 2008/09. International Journal of Agricultural Sustainability. 2011; 9:232-247.

Fan S, Gulati A, Thorat S. Investment, subsidies, and pro-poor growth in rural India. Washington D.C., USA: International Food Policy Research Institute; 2007. 24 p. Discussion Paper No.: 00716

Miah, A. Q. 1993. Applied Statistics: A Course Handbook for Human Settlements. Bangkok, Thailand: Asian Institute of Technology, Division of Human Settlements Development Asia, HSD Reference Materials. Asian Institute of Technology, Thailand.

Ministry of Agricultural Development, 2015 AD. Agriculture Development Stragety. Kathmandu.

Mukaila R., Falola A, Akanbi SO, et al. Effects of vegetable production on income and livelihood of rural households in Nigeria. Mustafa Kemal University Journal of Agricultural Sciences. 2022; 27(2): 213–223.

National Agriculture Policy 2061.

Nguyen L, Russ J, Triyana M. The effect of agricultural input subsidies on productivity: A meta-analysis. Washington DC, USA: World Bank Group; 2023. 21 p. Policy Research Working Paper No.: 10399

OECD. Adoption of technologies for sustainable farming systems. In: Organization for Economic Co-operation and Development. Wageningen Workshop Proceedings; 2000 July 4-7; Netherlands. Organization for Economic Co-operation and Development; 2001. p. 1–149. https://www.oecd.org/greengrowth/sustainable-agriculture/2739771

Paudel J, Cargo L. Fertilizer subsidy and agricultural productivity: Empirical evidence from Nepal. In: AgEcon Search. Annual Meeting of Agricultural and Applied Economics Association; 2017 July 31 - August 1; Chicago, Illinois. USA: University of Massachusetts Amherst; 2017. p. 1-41.

Raju, V. and D. Rao. 2019. Economics of farm production and management (3rd ed.). New Delhi: CBS Publishers and Distributors Pvt. Ltd.

Ricker-Gilbert J, Jayne TS. Estimating the enduring effects of fertilizer subsidies on commercial fertilizer demand and maize production: Panel data evidence from Malawi. Journal of Agricultural Economics. 2016; 68(1):70-97. DOI: https://doi.org/10.1111/1477-9552.12161

Takeshima H, Adhikari S, Shivakoti S, et al. Heterogeneous returns to chemical fertilizer at the intensive margins: Insights from Nepal. Food policy. 2017; 69:97-109.

Wang S, Manjur B, Kim J, et al. Assessing socioeconomic impacts of agricultural subsidies: A case study from Bhutan. Sustainability. 2019; 11(12):3266. DOI: https://doi.org/10.3390/su11123266

Website:https://myrepublica.nagariknetwork. com/news/five-policies-for-agriculture/

# अनुसुची-१ मोडल फार्म स्थापना तथा विस्तार कार्यक्रमको अध्ययन सम्बन्धी प्रश्नावली

## कृषि ज्ञान केन्द्र,गोरखा

## आ.व. २०८१/८२

### अनुदान सम्बन्धि कार्यक्रमको प्रभावकारिता अध्ययन प्रश्नावली

**१. व्यवसायको विवरण :**

| | |
|---|---|
| १.अनुदानग्राहीको नामः ............................ | २. स्थायी ठेगानाः ............................ |
| ३. सम्पर्क नं. ............................ | ४. जम्मा कुल क्षेत्रफल.................... |
| ५. खेती गरिएको कुल क्षेत्रफल.................... | ६.लिजमा लिएको भए........................ |
| ७. परिवार सदस्य संख्या.............. | ८.विदेश गएको भए..................... |

२. व्यवसायिक खेती थालनी वर्ष..............।खेती व्यवसायका लागि आवश्यक ज्ञान सिप कसरी प्राप्त गर्नुभयो ?

क. विगतको खेती अनुभव/सोधपुछ ख.तालिम लिएको ग.अरुको देखासिकी घ.Digital media को प्रयोग ङ.अन्य

**३. हालसम्म कृषि तालिम/पाठशाला प्रदान गर्ने निकायहरु**

| **निकाय** | प्राप्त भए/ नभएको | पटक | प्राप्त तालिमको विषय | प्राप्त नं. (५ पूर्णाङ्क) |
|---|---|---|---|---|
| सरकारी | | | | |
| I/ NGOs | | | | |

**४. यस वर्षको विभिन्न क्षेत्रबाट वार्षिक आयको स्रोत र अंशः**

| **क.स.** | **कृषि बाली** | **क्षेत्रफल** | **बीउ दर** | **बीउको स्रोत (आफ्नै/किनेको)** | **उत्पादन** | **बिक्री दर** | **जम्मा रकम** | **बिक्री गरिएको %** | **घरायसी उपयोग** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| आम्दानीको स्रोत | कृषि क्षेत्र | सरकारी जागिर | गैर सरकारी जागिर | पशुधन र यसका उत्पादनहरू | व्यवसाय | remittance | जम्मा |
|---|---|---|---|---|---|---|---|
| आम्दानी(.रु) | | | | | | | |

**५.अनुदान प्राप्त सम्बन्धी विवरण**

| अनुदानको माध्यम क. सहकारी ख.समूह ग.फर्म घ. एकभन्दा बढी | | | | फर्मको नाम: स्थापना वर्ष: | | |
|---|---|---|---|---|---|---|
| क.स. | आ.व. | कार्यक्रमको नाम | अनुदानग्राहीको नाम | प्राप्त अनुदान रकमः | अनुदान प्राप्त गर्दाको बार्षिक खर्च | कैफियत |
| | | | | | | |
| | | | | | | |

**६. प्राप्त अनुदानको प्रयोजन**

| क्र.सं. | प्रयोजन | परिमाण | दर | अनुदान रकम | प्राथमिकरण |
|---|---|---|---|---|---|
| १ | यान्त्रिकरण | | | | |
| २ | सिंचाई वा अन्य पुर्वाधार निर्माण | | | | |
| ३ | वीउ | | | | |
| ४ | मल | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | भण्डारण तथा प्याकेजिङ | | | | |
| ६ | कृषि औजार(स्प्रेयर, मल्चिङ प्लास्टिक,आदी) | | | | |
| ७ | अन्य | | | | |

**७. कृषि अनुदानको प्रभावकारिता: व्यवसाय विस्तार**

| बालीको नाम | अनुदान प्राप्त हुनु अगाडी | | अनुदान प्राप्त भएको वर्ष | | अहिले | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| | | | | | | |
| | | | | | | |

**८. कृषि अनुदानको प्रभावकारिता: बार्षिक लागत र आम्दानीको अनुपात**

| अनुदान प्राप्त हुनु अगाडी | | अनुदान प्राप्त भएको वर्ष | | अहिले | |
|---|---|---|---|---|---|
| बार्षिक लागत | बार्षिक आम्दानी | बार्षिक लागत | बार्षिक आम्दानी | बार्षिक लागत | बार्षिक आम्दानी |
| | | | | | |

**९. कृषि अनुदानको प्रभाव : रोजगारी सिर्जना**

| अनुदान प्राप्त हुनु अगाडी | | अनुदान प्राप्त भएको वर्ष | | अहिले | |
|---|---|---|---|---|---|
| बार्षिक रोजगारी | सिजनल रोजगारी | बार्षिक रोजगारी | सिजनल रोजगारी | बार्षिक रोजगारी | सिजनल रोजगारी |
| ........जना | .......... जना/दिन | ........जना | .......... जना/दिन | ........जना | .......... जना/दिन |

**१०. कृषि अनुदानको प्रभाव : अनुदान प्राप्त भएको वर्षमा उन्नत प्रविधिको प्रयोग (के के कुरा थप गर्नुभयो भन्नुहोस्)**

| **यान्त्रिकरण** | **उन्नत जात/विउ** | **मलको प्रयोग** | **बाली व्यवस्थापन** | **रोग किरा** | **कृषि विमा** | **अन्य** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**११. कृषि अनुदानको प्रभाव : कृषि अनुदान पाए पश्चात छिमेकी वा अन्य व्यक्तिले तपाईंबाट के के कुरा जानेका छन्?**

| क्र सं | छिमेकीले जानेका कुराहरु | व्यक्ति संख्या | क्र सं | छिमेकीले जानेका कुराहरु | व्यक्ति संख्या |
|---|---|---|---|---|---|
| १ | अनुदान लिने तरिका बारे | | २ | नयाँ जात र वीउ बारे | |
| ३ | प्राविधिक सेवा लिने तरिका बारे | | ४ | बाली व्यवस्थापन तरिका बारे | |
| ५ | रोगकिरा नियन्त्रण बारे | | ६ | अन्य.......................... | |

**१२. कृषि अनुदान पाए पश्चात के तपाईंले सामाजिक जवाफदेहिता र उत्तरदायित्व बढेको पाउनु भएको छ?**

.....................................................................................................................................................

**१३. आगामी वर्ष व्यवसाय विस्तार सम्बन्धी योजना छ ( ) छैन ( )**

| | |
|---|---|
| **यदी बढाउने भए, क्षेत्रफल ........** | **कारण उल्लेख गर्नुहोस** |
| **यदी घटाउने भए, क्षेत्रफल ........** | |

**१४. तपाईंले पाउनुभएको अनुदानबाट के तपाई सन्तुष्ट हुनुहुन्छ?** क. सन्तुष्ट छैन ( ) ख. सन्तुष्ट छु ( )

क. यदि सन्तुष्ट हुनुहुन्न भने कस्तो किसिमको सहयोगबाट तपाईंको व्यवसायलाई सहयोग पुग्दछ?

.....................................................................................................................................................

ख. यदि सन्तुष्ट हुनुहुन्छ भने अनुदान कार्यक्रमलाई प्रभावाकरी बनाउन थप के के कुरा आवश्यक छ?

| नम्बर | आवश्यकताहरु | नम्बर | आवश्यकताहरु |
|---|---|---|---|
| | अनुदान प्रक्रिया सहज बनाउनुपर्छ | | सुनिश्चित बजारीकरणमा सहयोग गर्नुपर्छ |
| | अनुदान रकम बढाउनुपर्ने | | प्राविधिक सेवा प्रभावकारी हुनुपर्दछ |
| | अनुदानको दायरा बढाउनुपर्ने | | ........................................... |

## अनुसुची-२ प्रश्नावली FGD Checklist

**कृषि ज्ञान केन्द्र,गोरखा**

**आ.व. २०८१/८२**

**चैतेधान प्रवर्धन कार्यक्रमको प्रभावकारिता अध्ययन प्रश्नावली (FGD Checklist)**

**३. अनुदानग्राहीको विवरण :**

| | |
|---|---|
| क.समूह/सहकारीको नामः ............................ | ख. स्थायी ठेगानाः ............................ |
| ग. सम्पर्क व्यक्तिको नाम: | घ. सम्पर्क व्यक्तिको पद: |
| ङ. सम्पर्क नं. ............................ | च. जम्मा कुल सदस्य.................... |
| छ. चैते धान/आलु बालीमा आबद्ध जम्मा सदस्य.................... | ज.सम्बन्धित बाली खेती गरिएको कुल क्षेत्रफल.................... |
| झ. स्थापना वर्ष.................... | ञ. अनुदानमा आबद्ध क्षेत्रफल.................... |
| ट. विस्तार भएको कुल क्षेत्रफल.................... | ठ. |

**२. यस वर्षको वार्षिक आयको स्रोत र अंशः**

| **अघिल्लो वर्ष** | | | | | | **यस वर्ष** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि बाली | क्षेत्रफल | जात | उत्पादन | बिक्री दर | जम्मा रकम | क्षेत्रफल | जात | उत्पादन | बिक्री दर | जम्मा रकम |
| | | | | | | | | | | |

**३.अनुदान प्राप्त सम्बन्धी विवरण**

| क्र.स. | आ.व. | कार्यक्रमको नाम | अनुदानग्राहीको नाम | प्राप्त अनुदान रकमः | अनुदान प्राप्त गर्दाको बार्षिक खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**४. प्राप्त अनुदानको प्रयोजन**

| क्र.सं. | प्रयोजन | परिमाण | दर | अनुदान रकम | प्राभवकारी प्राथमिकरण |
|---|---|---|---|---|---|
| १ | यान्त्रिकरण | | | | |
| २ | सिंचाई वा अन्य पुर्वाधार निर्माण | | | | |
| ३ | वीउ | | | | |
| ४ | मल | | | | |
| ५ | भण्डारण तथा प्याकेजिङ | | | | |
| ६ | कृषि औजार(स्प्रेयर, मल्चिङ प्लास्टिक,आदी ) | | | | |
| ७ | अन्य | | | | |

**५) अनुदान कार्यको प्रभावकारीताः उत्पादन-उत्पादकत्व अभिवृद्धिमा योगदान (Productivity Enhancement)**

| | | |
|---|---|---|
| क) अनुदान कार्यले प्रति एकाई क्षेत्रफलमा धैरै उत्पादन हाँसिल गर्न सघाएको छ? | छ | छैन |
| छ भने कति प्रतिशत .............................. | | |
| ख. अनुदान कार्यले उन्नत प्रविधि ग्रहणदर बढाई उत्पादकत्व वृद्धि गर्न मद्दत पुऱ्याएको छ? | छ | छैन |
| ग. उत्पादनका श्रोत साधन उपयोगको कार्यक्षमता बढाएको छ? | छ | छैन |

| |
|---|
| घ. सहभागिता संख्यामा बृद्धी भएको छ? a)छ b)छैन भएको भए, पहिले.................. अहिले.......................... |

**६) अन्य प्रभावकारीता सूचकहरू**

| | | |
|---|---|---|
| क. अनुदानको कार्यक्रमले समाजिक तथा आर्थिक रुपले बिपन्न वर्गको समावेशीताको लागी टेवा प्रदान गरेको पाउनु भएको छ? | छ | छैन |
| ख. परिवारको खाद्य र पोषण सुरक्षामा टेवा पुगेको पाउनुहुन्छ? | छ | छैन |
| ग. अनुदान कार्यले गर्दा कृषि ऋण/कर्जा प्राप्तिमा तपाईको पहुँच बढेको पाउनु भएको छ? | छ | छैन |
| घ. अनुदान कार्यले गर्दा बजार सञ्जालसँग तपाईको पहुँच बढेको पाउनु भएको छ? | छ | छैन |
| ङ. अनुदान कार्यले गर्दा खेतिपाती गरिने क्षेत्र बिस्तार भएको छ ? | छ | छैन |
| च. अनुदान कार्यले गर्दा प्राविधिक ज्ञान तथा सिपको स्तरमा बृद्धी भएको छ ? | छ | छैन |
| छ. अनुदान कार्यले गर्दा रैथाने/स्थानीय बालीको लोप हुदैं गएको अवस्था छ ? | छ | छैन |

**७. समम्याहरू**

| नम्बर | आवश्यकताहरु | नम्बर | आवश्यकताहरु |
|---|---|---|---|
| | अनुदान प्रदान हुदैंछ भन्ने सूचना नपाउनु | | कामको व्यस्तताले अनुदान लिन जाने समय नपाउनु |
| | अनुदान दिने निकाय धेरै टाढा हुनु | | अनुदान प्रदायक निकाय प्रति नै विश्वास नहुनु |
| | अनुदान प्रक्रिया निकै झन्झटिलो हुनु | | अनुदान सुविधाहरु निकै कम हुनु |
| | टाठा बाठाको वर्चस्व हुनु | | अनुदानमा समेत विचौलिया हाबी हुनु |

**८) अनुदानको कार्यक्रम अनुगमन**

| | |
|---|---|
| क.अनुदान प्राप्त कार्यक्रम/ सामाग्रीको सम्बन्धीत कार्यालयबाट कति पटक अनुगमन भयो ? | |
| ख.अनुगमनको स्तर कस्तो लाग्यो ? | १ अति फितलो २.फितलो ३. मध्यम ४. कसिलो ५.अति कसिलो |
| ग.कृषि अनुदानको कुन हदसम्म दुरुपयोग भएको महसुस गर्नुहुन्छ ? | १ अत्यन्त धेरै २. धेरै ३. मध्यम ४. थोरै ५.नभएको |

**९) सन्तुष्टि र पारदर्शिता**

| | | | |
|---|---|---|---|
| क.अनुदान प्राप्त गर्ने प्रक्रिया कस्तो लाग्छ ? | १ सहज | २ जटिल | ३ अत्यन्तै जटिल |
| ख.अनुदानग्राही छनोट प्रक्रिया कस्तो लाग्छ ? | १ पक्षपात २.२०%निश्पक्ष ३.४०%निश्पक्ष ४.६०%निश्पक्ष ५.८०%निश्पक्ष ६.१००%निश्पक्ष | | |

**१० ) दीगोपन (Sustainability)**

| | |
|---|---|
| क. कृषि क्षेत्रको विकासको लागि अनुदानको कार्यक्रम कति आवश्यक ठान्नुहुन्छ ? | १.अत्यन्त २.मध्यम ३.तटस्थ ४.अनावश्यक |
| ख. तपाईले पाएको अनुदानको लाभ दीर्घकालसम्म कायम रहने देख्नुहुन्छ ? | १ रहन्छ २. रहदैंन ३.निश्चित छैन |
| ग. अनुदान कार्यले गर्दा निजि लगानी बढाउन प्ररित गरेको छ? | १.छ २.छैन ३. नजनाउने |
| घ. भविष्यमा यस्ता कार्यक्रम फेरि सञ्चालन भए तपाई सहभागिता जनाउनुहुन्छ? | १. अवश्य २. सायद |

**११. अनुदानको कार्यक्रमको प्रभावकारिता वृद्धी गर्नको लागि के गर्नुपर्ला ? (खुला प्रश्न)**

# अनुसुची-३ व्यक्तिगत अन्तरवार्ता लिएका किसानहरूको नामावली

**तालिका १७. Pretesting गरिएका कृषकहरुको नामावली**

| क्र.स. | अनुदानग्राहीको नाम | स्थायी ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | SB कृषि फर्म | गो.न.पा-०७ | ९८०४१३६२८२ |
| २ | टिकाराम श्रेष्ठ | पा.न.पा-०६ | ९८४९७८००६१ |
| ३ | हेमप्रसाद भट्ट | भिमसेन.गा.पा-०६ | ९७६९३५७१६५ |
| ४ | ध्रुव प्रसाद खनाल | स.गा.पा-०४ | ९८५५०८१०६८ |
| ५ | अर्जुन प्रताप जबरा | गो.न.पा-०४ | ९८४६६४८१५१ |
| ६ | अमृत बहादुर कुमाल | सिरानचोक-०४ | ९८४६९८४६५५ |

**तालिका १८. व्यक्तिगत अन्तरवार्ता लिएका व्यवसायिक फर्महरु**

| क्र.स. | अनुदानग्राहीको नाम | स्थायी ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नमुना कृषि तथा पशुपंक्षी फर्म | गो.न.पा.-८, ठिमुरेस्वाँरा | याम बहादुर गुरुङ्ग | ९८२९१३७६३६ |
| २ | बस्नेत कृषि तथा पशुपालन फर्म | गो.न.पा.-३, नारेश्वर | केदार बाबु बस्नेत | ९८४६९०८२६६ |
| ३ | बस्नेत कृषि तथा पशुपंक्षी फर्म | गोरखा न.पा ८ | पम्फा बस्नेत | ९८४६१८९८०४ |
| ४ | गोरखकाली एग्रो प्रोडक्सन | गोरखा न. पा. ८ | किशोर रेग्मी | ९८५६०४०४०१ |
| ५ | अमन कृषि तथा पशुपन्छी फर्म | गो.न.पा-४, डेरागाउँ | महोमद जमिल रमजान | ९८४६०९८०७८ |
| ६ | हेवन राइजिङ एग्रीकल्चर फार्म प्रा.लि. | गोरखा न. पा. ४ | टेकनाथ भट्टराइ | ९८५१०४३२५२ |
| ७ | खुशी तरकारी फर्म | गोरखा न पा ९ | खेशर बहादुर खत्री | ९८४६१२५७६१ |
| ८ | शिलाडाँडा बाखापालन फर्म | पा नपा-२ | हरि भट्ट | ९८५११४२०३८ |
| ९ | गाईखुर कृषि फर्म | पा.न.पा-6, कमलटार | रमेश कुमार श्रेष्ठ | ९८४१९२९६६१ |
| १० | देवकोटा कृषि तथा पशुपछी फर्म | पालुङटार न. पा. १ | दयाराम देवकोटा | ९८४१९७६४६९ |
| ११ | गोरखा एगिकल्चर एन्ड टुरिजम प्रमोसन सेनटर प्रा.लि | अजिरकोट गा.पा.(3) | तुलसि धिताल | ९८४६०२९४६०<br>९८४११३०८३६२ |
| १२ | शिवालय मौरी फर्म | अजिरकोट गा पा ५ | कलाधर अधिकारी | ९८४६७२७२३९ |
| १३ | बराम पशुपछी तथा कृषि फर्म | अरुघाट गा. पा. ३ | लुत्र ब बराम | ९८४१९४२७९५ |

| क्र.स. | अनुदानग्राहीको नाम | स्थायी ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १४ | दाजुभाइ कृषि तथा पशुपछी फर्म | आरुघाट गा.पा. ६ | शेर ब गुरुङ | ९८४६९०८७५७ |
| १५ | सवृद्धी कृषि तथा पशुपछी फर्म | सिरानचोक गा. पा. ४ | चुडामणी पोखरेल | ९८४६३०२२१५ |
| १६ | दरौदी कृषि फर्म | सिरानचोक गा.पा.(६) | दिपक बाबु भट्ट | ९८५६०४०३३१ |
| १७ | बन्जरा कृषि तथा पशुपन्छी फर्म | भिमसेनथापा-४, धावा | बासु बन्जरा | ९८४९७१७७७१ |
| १८ | त्रिशक्ति कृषि तथा पशुपालन फर्म | भीमसेन थापा १ | नरेन्द्र वस्ती | ९८४३८५८४६० |
| १९ | सिता कृषि तथा पशुपन्छी फर्म | भिमसेनथापा गा. पा. १ | नन्दलाल वास्ताकोटी | ९८४६७२६२०८ |
| २० | हिमालय एग्रो फर्म | भिमसेनथापा गा. पा. ७ | फट्याश्रग्री सार्की | ९८५११३१६१३ |
| २१ | तिमल्सिना कृषि तथा पशुपछी फर्म | भिमसेनथापा गा. पा. ८ | ओम प्र तिमल्सिना | ९८४३६१२५६९ |
| २२ | शिखर डाडाँ बगुर फर्म | शहिद लखन गा. पा. ७ | अर्जुन थापा | ९८०६५१४६१२ |
| २३ | मनकामना भिलेज कृषि तथा पशुपछी फर्म | शहिदलखन गा. पा. ३ | सुरेन्द्र कु. श्रेष्ठ | ९८४६०६८७६५ |
| २४ | सिर्जनशिल कृषि तथा पशुपछी फर्म | शहिद लखन गा. पा. ३ | मोहन बसेल | ९८०३५५०११० |
| २५ | ग्रामीण कृषि तथा पशुपंक्षी फर्म | शहिदलखन गा पा ७ | अमृत श्रेष्ठ | ९८५६०४०५४९ |
| २६ | सपना कृषि फर्म | शहिद लखन गा.पा.(6) | नारायण प्रसाद रेग्मी | ९८०२०५६५५६ |
| २७ | बुढी गण्डकी पशुपंक्षी तथा कृषि फर्म | गण्डकी गा.पा ५ | राजेन्द्र श्रेष्ठ | ९८१४२०७५१७ |
| २८ | सविता एण्ड सबिता बहुद्देश्यीय कृषि फार्म | गण्डकी गा.पा. 8 | सिता अधिकारी | ९८४१०३९६९२ |
| २९ | केरैजा कृषि सहकारी संस्था ल. | धार्चे गा. पा. २ | काजीराम गुरुङ | ९८६०८८४१३६ |
| ३० | धार्चे ड्रागन फलफुल तथा पशुपन्छी फर्म | धार्चे गा. पा. ७ | सम ब गुरुङ | ९८४०५१६८७० |
| ३१ | दोम्जे कृषि तथा पशुपछी फर्म | धार्चे गा. पा. ६ | कान्छा गुरुङ | ९८४०४७५९४१ |
| ३२ | जे एक के एकिकृत कृषि तथा पशुपछी फर्म | बारपाक सुलीकोट गा. पा. ४ | सुर्य ब गुरुङ | ९८२६१४६६९६ |

**तालिका १९. आ.व. २०८०/८१ मा सञ्चालित चैतेधान प्रर्वद्धन कार्यक्रममा लाभान्वित लाभग्राहीहरुको विवरण**

| क्र.सं | अनुदानग्राही संस्था/कृषकको नाम | स्थानीय तहको नाम | वडा नं. | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. | चैते धान क्षेत्रफल (रो) |
|---|---|---|---|---|---|---|
| १ | सम्बृद्धी कृषक सहकारी संस्था लि | सिरान चोक गाँउपालिका | ४ | काजी बाबु धिमिरे | ९८५१०१३२१० | ५० |
| २ | जन्मभूमी वहुउद्देश्यीय सरकारी संस्था लि | सिरान चोक गाँउपालिका | ४ | बाबुराम कोइराला | ९८४६१२७६२२ | १३५ |
| ३ | गाँखु कृषि सहकारी संस्था लि | सिरान चोक गाँउपालिका | ६ | दिपक बाबु भट्ट | ९८५६०४०३३१ | ११० |
| ४ | सामुहिक कृषि उत्पादन सरकारी संस्था लि | गण्डकी गाँउपालका | ८ | भुमि प्रसाद रेग्मी | ९८१४२१६२८७ | १५० |
| ५ | नवउदय कृषि सहकारी संस्था लि. | पालुङटार नगरपालिका | २ | कमल पोखेल | ९८४१६९०१६५ | २०० |
| ६ | खहरे कृषि सहकारी संस्था लि | पालुङटार नगरपालिका | ९ | रोशन बानियाँ | ९८५६०४८९७९ | ७० |
| ७ | झोलुङ्गे फाँट किसान क्लव | पालुङटार नगरपालिका | ९ | कर्ण बहादुर तामाङ | ९८४६०३९७४१ | २०० |
| ८ | भगवती कृषक समूह | गोरखा नगरपालिका | ४ | युवराज भट्टराई | ९८४८४३११२५ | २३० |
| ९ | मस्याङदी जनसेवा वहुउद्देश्यीय सहकारी संस्था | गोरखा नगरपालिका | १० | बुद्धि बहादुर अर्याल | ९८५६०५६१३९ | २२० |
| १० | तारानगर साना किसान कृषि सहकारी संस्था लि | गोरखा नगरपालिका | १० | पदम माया राना मगर | ९८७९२५९८९३ | ८२० |

**तालिका २०. आ.व. २०८१/८२ मा सञ्चालित चैतेधान प्रर्वद्धन कार्यक्रममा लाभान्वित लाभग्राहीहरुको विवरण**

| क्र.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | क्षेत्रफल (रो) |
|---|---|---|---|---|---|
| १ | नमुना तरकारी खेती कृषक समूह | भिनसेन ७ | डिल व श्रेष्ठ | ९८४५७२६०३२ | ८० |

| क्र.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | क्षेत्रफल (रो) |
|---|---|---|---|---|---|
| २ | झोलुङ्गेफाँट किसान क्लव | पालुङटार ९ | कर्ण तामाङ | ९८४६०३९७४१ | ९० |
| ३ | धुवाकोट साना किसान कृषि सहकारी संस्थ लि | पालुङटार ८ | शर्मिला वाग्ले तिवारी | ९८१७१७७२२४ | २८९ |
| ४ | श्री उखुवारी नमूना कृषि सहकारी संस्था लि | पालुङटार १ | रामजी देवकोटा | ९८४३०५०१९० | ८७ |
| ५ | जुरे ढुङ्गे नौविसे जल उपभोक्ता संस्था | गोरखा १० | भूरमण धिमिरे | ९८४६१०६९३९ | १२० |
| ६ | सामुहिक कृषि उत्पादन सहकारी संस्था लि | गण्डकी ८ | रमेशनाथ नेपाल | ९८४१६४७८३१ | ५० |
| ७ | सरस्वती कृषि सहकारी | गोरखा ९ | भुवन सिह वस्नेत | ९८४६०७४९०३८ | १०० |
| ८ | असलसाथी वहुउद्देश्यीय सहकारी संस्था लि | गण्डकी ३ | विष्णु प्रसाद अंगाइ | ९८४६२५५७२१ | १३० |
| ९ | आरुचनौटे साना किसान कृषि सहकारी संस्था लि | आरुघाट ९ | शत्रुधन श्रेष्ठ | ९८४६०५६२२६ | ६३ |
| १० | मण्डली महिला किसान क्लब | पालुङटार १ | सन्तोष पोखरेल | ९८४१८५४१८३ | १०५ |
| ११ | श्री वार्हविसे मिलन कृषि विकास सहकारी संस्था लि | सहिद लखन ७ | विनम राज थापा | ९८१६१२१९८० | ७०० |
| १२ | श्री मर्स्याङदी जनसेवा वहुउद्देश्यीय सहकारी संस्था लि | गोरखा १० | जानुका राना | ९८४६४४०९३६ | २०० |
| १३ | तारानगर साना किसान कृषि सहकारी संस्था लि | गोरखा ११ | पदममाया राना मगर | ९८४५१०९४३८ | ११११० |
| १४ | श्री ज्योती कृषि सहकारी संस्था लि | पा न पा १ | गोपाल अधिकारी | ९८४६५९२४२५ | २१८ |
| १५ | नवउदय कृषि सहकारी संस्था लि | पा न पा १ | कमल पोखरेल | ९८४१६९०१६५ | १३५ |
| १६ | श्री आँपडाडा कृषक समुह | गोरखा ८ | विश्वनाथ अर्याल | ९८४६०८८१११ | ६० |
| १७ | श्री जन्मभूमी बहुउद्देश्यीय सहकारी संस्था लि | सिरानचोक ४ | वाबुराम कोइराला | ९८४६१२७३२२ | ७० |
| १८ | शिखर कृषक समूह | भीमसेनथापा-१ | भक्त प्रसाद श्रेष्ठ | ९८४६५७००४५ | ५५ |
| १९ | तारापुन्ज बाख्रा पालन कृषि सहकारी संस्था लि. | गो.न.पा.-८ | कृष्ण बाबु कुवर | ९८४६०७५४९६ | ५० |

| क्र.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | क्षेत्रफल (रो) |
|---|---|---|---|---|---|
| २० | ज्यादुल खोला धुनिवेशी कृषक समूह | भिमसेन ६ | बद्री तिवरी | ९८१६६११८३० | ३५० |
| २१ | बुढिकोटी माई कृषक समूह | पा न पा ९ | लोक बहादुर पन्थ | ९८५१३२४२८५ | ५८ |
| २२ | हरियाली कृषक समूह | सिरानचोक ४ | चम्पा कुमाल | ९८५६०६९२१३ | ५०० |
| २३ | श्री सन्तानेश्वर कृषि सहकारी | सहिद लखन ७ | भविन श्रेष्ठ | ९८५६०४३३३८ | ८० |
| २४ | श्री चम्पावती बहुउद्देश्यीय कृषक समूह | पा न पा ३ | कृष्ण गिरि | ९८६२९०२९४२ | १८० |

# अनुसुची-४ तथ्यांक संकलनका केही तस्वीरहरू






























कृषि अनुदानका कार्यक्रमहरुको प्रभावकारिता अध्ययन
सम्बन्धी
Focus Group Discussion
(FGD)